**फ्लैट भाडामा**

वीरगंज महानगरपालिका-१२ मुर्ली बगैँचास्थित वाणिज्य कार्यालय भएको घर कम्पाउन्डभित्र चार कोठा, अटैच बाथरूम-१, कमन बाथरूम-१, किचन, पार्किङको व्यवस्था र थप माथिल्लो तलामा अटैच बाथरूम भएको कोठा भाडाका लागि खाली छ।

**रामबहादुर थापा**
मो.नं.: ९८५५०२००३०

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

**स्तन क्यान्सरका लक्षणहरू**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३८ ❖ २०८१ पुस ०९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 24 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११६

## चार दशकदेखि बुलबुले तालको अवस्था जस्ताको त्यस्तै

प्रमोद यादव, पंचगावाँ, ८ पुस/

पटेर्वासुगौली गाउँपालिका-२ रङ्गपुर टाँडीस्थित बुलबुले ताल संरक्षणको अभाव झेल्दै आएको छ।



तस्वीरः प्रतीक

करीब चार दशकदेखि अस्तित्वमा रहेको बुलबुले तालको स्वरूप अहिले सामान्य परिवर्तन भएपनि पुरानै अवस्थामा छ। पुरानो बुलबुले तालको पूर्वपट्टि अहिले भवरीमाई मन्दिर निर्माण गरिएको छ। त्यसैगरी, पूर्वपट्टि नै थारू सङ्ग्राहलयको निर्माण कार्य हुँदैछ।

पश्चिमतर्फ पार्क निर्माण भएको छ भने दक्षिणतर्फ विवाह मण्डप बनाइएको छ। पटेर्वासुगौली गापाले रङ्गपुरटाँडीमा लाग्ने हाटबजारलाई सोही ठाउँमा ल्याएर सञ्चालन गर्दैछ। हाटबजार भवन पूर्णरूपमा बनिसकेको छ तर रङ्गपुर टाँडीबाट करीब डेढ सय मिटर टाढा पर्ने यो स्थानमा हाटबजार भने शुरू भइसकेको छैन। बुलबुले तालको आफ्नै अस्तित्व छ। यो तालमा गर्मीयाममा चीसो पानी र जाडोयाममा तातो पानी निस्किन्छ। यहाँबाट निस्किने पानी जमुनिया खोलामा पुग्छ।

इलाका वन कार्यालय, रङ्गपुरटाँडीदेखि सय मिटरपूर्व रहेको यो काललाई गापाले संरक्षण गर्न नसक्दा आम मानिसको पहुँच बढ्न सकेको छैन। स्थानीयले पनि यो तालबाट लाभ लिन सकेका छैनन्। नौ वर्षदेखि यो काललगायत सो क्षेत्रको हेरचाह बिगा सहनीले गर्दै आएका छन्। उनी भन्छन्, बिहान चीसो भएको बखतमा तालबाट तातो पानीको बुलबुला आउँछ र बग्छ। घाम लाग्दै गएपछि तालको पानी चीसो हुन्छ। गर्मीयाममा यो तालबाट चीसो पानी निस्किन्छ। अहिले जाडोयाममा तातो पानी निस्किन्छ।

पहिले रङ्गपुरटाँडीबाट मानिसहरू जाडोयाममा तातोपानीले र गर्मीयाममा चीसो पानीले नुहाउन ताल आउने गर्थे। अहिले घरघरै पानीको पहुँच भएपछि रङ्गपुरका बासिन्दा तालमा आउन छोडेका छन्।

तालको वरिपरि जङ्गल क्षेत्रमा आर्टिजन धाराको व्यवस्था गरिएको छ, जसमा मानिसहरू नुहाउने, पानी पिउने, हातखुट्टा धुने गर्छन्। तर तालबाट निस्किने पानीको प्रयोग भने उनीहरूले गर्न छाडेका छन्। गापाले पनि यसको संरक्षण र प्रचारमा खासै चासो नदेखाउँदा ४० वर्ष अगाडि अस्तित्वमा देखिएको यो ताल बेताल अवस्थामा छ।

## महानगरसँग लोककल्याणकारी विज्ञापनको भुक्तानी माग

प्रस, वीरगंज, ८ पुस/

नेपाल पत्रकार महासङ्घ, पर्साले सोमवार वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णलाई लोककल्याणकारी विज्ञापनको भुक्तानीको लागि आग्रह गरेको छ।

शाखा उपाध्यक्ष नीलिमा पौडेल, सचिव विजय चौहान, सदस्यद्वय राहुल गुप्ता, अजित भुजेल सम्मिलित टोलीले प्रमुख प्रशासकीय अधिकृत कर्णलाई भेटेर महानगरपालिकाले रोकेको लोकल्याणकारी विज्ञापन भुक्तानीको लागि लिखितरूपमा आग्रह गरेको थियो। महासङ्घ, पर्साको टोलीले साप्ताहिक पत्रिकालाई लोककल्याणकारी विज्ञापनबाट महानगरले वञ्चित गरेको र उनीहरूले समस्या भोग्नुपरेको भन्दै लोककल्याणकारी विज्ञापनमा साप्ताहिक पत्रिकालाई पनि समावेश गर्न आग्रह गरेका थिए।

टोलीले देशमैं आम सञ्चारसम्बन्धी कानून ल्याउने वीरगंज महानगरपालिका पहिलो भएको तर कार्यान्वयनमा उदासीनता देखिएकोले सन्देह पैदा भएको बताएको थियो। आर्थिक मन्दीको शिकार आम सञ्चारमाध्यमहरूलाई


तस्वीरः प्रतीक

महानगरपालिकाले दिँदै आएको सहुलियत रोक्का भएपछि थप सङ्कटग्रस्त भएको भन्दै लोककल्याणकारी विज्ञापन यथाशीघ्र उपलब्ध गराउन टोलीले आग्रह गरेको थियो। टोलीले ज्येष्ठ पत्रकारहरूको लागि महानगरपालिका स्वयंले छुट्याएको बजेट कार्यान्वयनमा समेत विलम्ब भएको भन्दै ध्यानाकर्षण गराएका थिए।

प्रमुख प्रशासकीय अधिकृत कर्णले आफ्नो तहबाट सक्दो सहयोग गर्ने आश्वासन दिए।

## बहुदरमाईमा आरोप-प्रत्यारोप बढ्दो

प्रस, वीरगंज, ८ पुस/

बहुदरमाई नगरपालिका अहिले


तस्वीरः प्रतीक

अशान्त भएको छ। पछिल्लो घटनाक्रममा विद्यार्थीहरूले अर्धवार्षिक परीक्षाको लागि नगरपालिकाले वातावरण तयार नगरेको भन्दै पुस ५ गते शुक्रवार नगरपालिका कार्यालयको फर्निचरलगायतका सामानमा आगजनी गर्दै लाखौंको क्षति पुऱ्याएका थिए।

अहिले यो घटनाक्रममा बहुदरमाई नपाका प्रमुख सिंगासन साहले प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफाका कारण नगरपालिकामा अशान्ति फैलाउने काम भएको आरोप लगाउँछन् भने उपप्रमुख सुषमा कुशवाहालगायतका जनप्रतिनिधिहरू प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफाको बचाउमा छन्।

सङ्घीय मामिला तथा स्थानीय प्रशासनमन्त्री राजकुमार गुप्ताका स्वकीय सचिव शिव पटेल सोमवार बहुदरमाई नपामा गएर नगरप्रमुख साहका कारण नगरपालिकामा बेथिति बढेको आरोप लगाए। पटेल यो नगरपालिकामा २०७९ को स्थानीय निर्वाचनमा नगरप्रमुखका प्रत्यासी थिए। उनले नगरप्रमुखले सबै कार्य आफन्तहरूमार्फत गराउन खोजेका कारण प्रमुख प्रशासकीय अधिकृतसँग असमझदारी बढेको र बेथितिले प्रश्रय पाएको आरोप लगाए।

यता नगरप्रमुख साहले आजै नेपाल पत्रकार महासङ्घ, पर्सामा पत्रकार सम्मेलन गरेर बहुदरमाईमा बेथिति बढ्नुमा प्रमुख प्रशासकीय अधिकृत मुस्तुफा र निजलाई संरक्षण दिने मन्त्री गुप्ता कारण रहेको आरोप लगाए। उनले छ महीना अगाडिदेखि बहुदरमाई नपामा असहजता बढ्दै गएको र सोको फाइदा उठाएर प्रमुख प्रशासकीय अधिकृत मुस्तुफाले काम गर्दै आएको आरोप लगाए। उनले आफूले गलती गरेको भए सोको छानबीन गरेर सजाय भोग्न तयार भएको भन्दै मन्त्री गुप्ताको संरक्षणमा मुस्तुफाले बहुदरमाईमा गलत कामलाई बढावा दिएको आरोप लगाए।

विद्यार्थीहरूले नपाका फर्निचर जलाउनमा पनि शिक्षकलगायतका व्यक्तिहरूको संरक्षण रहेको र उनीहरूको उक्साहटमा विद्यार्थीहरूले लाखौंको क्षति पुऱ्याएको बताए। बहुदरमाई नपामा छ महीनादेखि विवाद बढेको छ। आर्थिक वर्ष शुरू हुनुअगाडि नगर अधिवेशनको विषयलाई लिएर विवाद बढेको थियो र समयमा अधिवेशन नभई पाँच महीनापछि कात्तिक ८ गते अधिवेशन सम्पन्न भएको थियो।

सोही क्रममा स्वास्थ्यकर्मीहरू नियुक्त गर्ने विषयमा प्रमुख प्रशासकीय अधिकृतले एकलौटी नाम प्रकाशन गरेको भन्दै नगरप्रमुखले नगरसभाको निर्णय प्रमाणीकरण गरेका छैनन् र अहिलेसम्म त्यसलाई थाती राख्दा नपाको खाता सञ्चालनमा हुन नसक्दा अहिलेसम्म शिक्षक, कर्मचारीले तलब पाएका छैनन् भने ठेकेदारले भुक्तानी पाएका छैनन्। विकास निर्माणको काम पनि ठप्प छ। आर्थिक अभावमा नपाका सम्पूर्ण कार्य प्रभावित छन्। शैक्षिक संस्थाहरू बन्द छन्।

## गापाले अनुदान दिएन, अभिभावकको शुल्क फिर्ता भएन

प्रस, पोखरिया, ८ पुस/

पटेर्वासुगौली गाउँपालिका अन्तर्गत स्थानीय रामजनम चौधरीले नगरपालिका मातहतका सामुदायिक विद्यालयहरूमा शुल्क लिएर अर्धवार्षिक परीक्षा गराएका थिए। पालिकाले शुल्क लिएर अर्धवार्षिक


तस्वीरः प्रतीक

सामुदायिक विद्यालयहरूले विद्यार्थीहरूसँग शुल्क लिएर परीक्षा सम्पन्न गराएका छन्।

हालै सम्पन्न अर्धवार्षिक परीक्षामा बालविकासदेखि कक्षा १० सम्मका विद्यार्थीहरूसँग क्रमशः रु १० देखि १०० सम्म परीक्षा शुल्क लिइएको थियो। कुनै पनि प्रकारको शुल्क नलिन भनेर आन्दोलन गरेको र पालिकाले शुल्क नलिने भनेर उनीसँग सहमति गरेर आन्दोलन तुहाएको थियो।

अहिले पालिकाले अर्धवार्षिक परीक्षामा सामुदायिक विद्यालयलाई आर्थिक सहयोग नगर्दा विद्यालयहरूले परीक्षा गर्न र परीक्षापछि पालिकाले रकम दिने आश्वासन दिएको छ। अहिले पालिकाले सामुदायिक विद्यालयहरूलाई अर्धवार्षिक परीक्षाका लागि सहयोग नगर्दा अभिभावकहरूको रकम फिर्ता हुन सकेको छैन।

(बाँकी अन्तिम पातामा)

## एक वर्षमा २०६ वटा मानव अधिकार उल्लङ्घनका घटना

नितेश कर्ण, वीरगंज, ८ पुस/

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सर्लाहीले वार्षिक पूर्वसमीक्षा गोष्ठी गरेको छ।

जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशलकिशोर सिंहको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा इन्सेक प्रतिनिधि बुधन साहले सर्लाही जिल्लामा २०८० पुस १७ देखि २०८१ पुस ३ गतेसम्म २०६ वटा मानव अधिकार उल्लङ्घनका घटनाहरू भएको बताए। उनले ३४ जना महिला बलात्कारको प्रयास, २९ जना बालिका बलात्कार र १७ जना महिला बलात्कार भएको तथ्याङ्क पेश गरेका थिए।

उनले सन् २०२३ मा भएका बलात्कार, बलात्कारका प्रयास, कुटपिट, हत्या, बहुविवाह, बोक्सी, हिंसालगायतका घटनाले सन् २०२४ मा पनि सर्लाहीमा निरन्तरता पाएको बताए।

कार्यक्रममा पूर्वसांसद प्रमोद साह, युएनडिपीका बचेलाल महतोलगायतको सहभागिता थियो। कार्यक्रममा इन्सेक



तस्वीरः प्रतीक

सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरे, जिल्ला न्यायाधिवक्ता एकराज अधिकारी, प्रहरी निरीक्षक बालिष्टर सिंह, नागरिक समाजका महासचिव शिवचन्द्र चौधरी, बज्जिका साहित्य समाजका रामचन्द्र कुशवाहा, सर्लाहीले महिला मानव अधिकारकर्मी रम्भा झा, नेपाल पत्रकार महासङ्घ, सर्लाहीकी महिला उपाध्यक्ष वन्दना झालाई सम्मान गरेको थियो।

कार्यक्रमको सहजीकरण मानव अधिकारकर्मी मुकेश मिश्रले गरेका थिए।

**विचारसार र सुक्तिहरू**

**जीवनमा आफ्नोपन त सबैले देखाउँछन् तर आफ्नो को हो, त्यो समयले देखाउँछ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# पुनः गाँजाखेती

**पर्सा जिल्लामा यसपटक गाँजाखेती भइरहेको पाइएको छ। डेढ दशक अघिदेखि लगभग समाप्त प्रायः अवस्थामा रहेको गाँजाखेती यस वर्ष फेरि चलमलाएको पाइयो। केही दिन पहिले प्रहरीले गाँजा फँडानी गरेर पनि देखायो। जिल्ला वनको क्षेत्रमा बिरुवा नासेर, तारबारभित्र गाँजाखेती गरिएको पनि प्रकाशमा आएको थियो। जिल्लामा रोपिएका गाँजामध्ये थोरै मात्रा फँडानी भएको रहेछ भन्ने कुरा त्यसपछिका समाचारहरूले पुष्टि गरिरहेका छन्। यसले मुलुकको कानून, प्रशासनिक क्षमता र स्थानीय सुरक्षा निकायमाथि गम्भीर प्रश्न खडा गर्छ। गाँजाखेतीको वर्तमान अवस्था सरलरूपमा तयार भएको छैन। मकवानपुरबाट बीउ ल्याएर पर्साका विभिन्न गाउँपालिका क्षेत्रमा गाँजाखेती पुनः शुरू गरिएको छ। नदी किनार, बगर र जङ्गल क्षेत्रहरूमा यसको खेती मौलाएको पाइन्छ। तर मुख्य प्रश्न यो हो कि रोपेदेखि आजसम्मको पाँच महीना लामो उत्पादन चक्रमा प्रशासन, प्रहरी र स्थानीय सुरक्षाकर्मीहरूले यसलाई किन देखेनन् ? रोक्न किन सकेनन् ?**

**पर्सा जिल्लामा गाँजाखेती पुनः शुरू हुनुका पछाडि मुख्य कारण आर्थिक लोभ हो। मकवानपुर र धादिङबाट तस्करीका माध्यमबाट भारतसम्म गाँजा पुऱ्याउने व्यक्तिहरूले मनग्य आम्दानी गरेको देखेर स्थानीय किसानहरू गाँजाखेतीतर्फ पुनः आकर्षित भएका हुन्। जब गैरकानूनी गतिविधिबाट धन आर्जन गर्नेहरूप्रति कानून कमजोर देखिन्छ, त्यस्तो अवस्थाले अपराधलाई प्रश्रय दिन्छ। गाँजाखेती रोक्न जिम्मेवार स्थानीय प्रहरी प्रशासनको भूमिका निराशाजनक देखियो। गाँजाखेती रातारात हुने क्रियाकलाप होइन। यो खेतीलाई बीउ रोप्नेदेखि उत्पादन भई बिक्रीसम्म पाँच-छ महीना समय लाग्छ। यत्रो लामो समयसम्म प्रशासनले कुनै प्रभावकारी कदम नचाल्नु गम्भीर लापरवाही हो। प्रहरी प्रशासनको यो भूमिका देखावटी छ कि उनीहरू जानाजान मौन बसेका हुन् भन्ने प्रश्न उठेको छ। गाँजाखेती भइरहेको स्थानहरूको अनुगमन गर्न र त्यसमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्न कुनै द्वन्द्वग्रस्त क्षेत्र जस्तो चुनौतीपूर्ण अवस्था पनि छैन। गाउँबस्तीमा प्रहरीको पहुँच छ। स्थानीय सुराकी प्रणाली प्रभावकारी बनाउन सकिन्छ। तर यसबारेमा कुनै प्रभावकारी कदम चालिएको देखिँदैन।**

**नेपालमा गाँजाखेती गैरकानूनी हो। प्रचलित कानूनले गाँजाखेती, ढुवानी, बिक्री वितरण, भण्डारणलाई पूर्णतः निषेध गरेको छ। यसका बावजूद पनि खेती हुँदै आएको छ। यसले सरकारको कानून कार्यान्वयन क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ। गाँजाखेती रोक्न नसक्नु प्रहरी प्रशासनको अक्षमता मात्र नभएर उनीहरूको मिलेमतोको सङ्केत पनि हो। गाँजाखेती नियन्त्रण गर्ने नै हो भने यो परिस्थितिमा सबैभन्दा पहिले गाँजाखेती भइरहेका क्षेत्रका सुरक्षाकर्मीमाथि नै कारबाही गर्न आवश्यक छ। सुरक्षाकर्मीले आफ्नो जिम्मेवारी पूरा नगरेको र यसलाई मौन समर्थन गरेको प्रमाणित भए उनीहरूलाई कारबाहीको दायरामा ल्याइनुपर्छ। यो समस्या समाधानका लागि सरकार र स्थानीय प्रशासनको ठोस रणनीति आवश्यक छ। अनुगमनलाई प्रभावकारी बनाउँदै गाँजाखेती भएका स्थानहरूको पहिचान गरी तत्काल फँडानी गर्नुपर्छ। गाँजाखेतीको अगुवाइ गर्नेहरूको पहिचान गरी कानूनी कारबाहीको दायरामा ल्याउनुपर्छ। स्थानीय सुरक्षाकर्मीहरूको भूमिकालाई समीक्षा गर्दै उनीहरूलाई जवाफदेही बनाउनु जरुरी छ।**

# बिपीलाई बिर्सेको काङ्ग्रेस

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला PhD
rajendrakoirala20@gmail.com


**नेपाली काङ्ग्रेसले बिपी कोइरालाको सिद्धान्तलाई बिर्सनुको मुख्य कारण पार्टीको बदलिंदो राजनीतिक परिप्रेक्ष्य, आन्तरिक गुटबन्दी र सिद्धान्तभन्दा पनि सत्ता केन्द्रित सोच हो। बिपी कोइरालाको राष्ट्रिय मेलमिलाप नीति, समाजवाद र प्रजातान्त्रिक मूल्यहरूमा आधारित नेतृत्वदायी दृष्टिकोण आजको नेपाली काङ्ग्रेसले अवलम्बन गर्न छाड्यो।**

बिपी कोइराला नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री थिए। नेपालमा सन् १९५९ मा भएको पहिलो आम निर्वाचनमा उनको पार्टी नेपाली काङ्ग्रेसले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत ल्याएको थियो। बिपीका प्रगतिशील नीति र कार्यक्रमबाट त्यस बेलाका राजा महेन्द्रलाई खपी नसक्नुभयो र १५ डिसेम्बर, १९६० मा १८ महीनाको प्रजातान्त्रिक सरकारलाई 'कु' गरेर सत्ता आफ्नो हातमा लिए। र बिपीलाई आठ वर्षसम्म कैदमा राखियो। यो एउटा विचार र सिद्धान्तको गिरफ्तारी थियो। राजाले बिपीलाई गिरफ्तार गर्दा उनले व्यक्तिलाई होइन, एउटा विचारलाई पक्राउ गरे र राजाको व्यक्तिगत इच्छा र महत्त्वाकाङ्क्षा पूरा गरे। बिपी कोइराला सन् १९६८ मा रिहा भए र आठ वर्ष भारतमा निर्वासनमा बस्न बाध्य भए।

यो समय अमेरिका र सोभियत सङ्घबीच चरम शीतयुद्धको समय थियो। ६० र ७० को दशकको उत्तरार्द्धमा परिवर्तनको नयाँ लहर चलिरहेको थियो र दक्षिण एशिया यसको केन्द्र बनेको थियो।

नेपालमा बिपी कोइरालाद्वारा प्रवर्तित प्रमुख सिद्धान्त 'राष्ट्रिय मेलमिलाप नीति' हो, जसले राजनीतिक परिपक्वता र दूरदर्शिताको उत्कृष्ट उदाहरण प्रस्तुत गर्छ। २०३३ सालमा भारत निर्वासनबाट स्वदेश फर्किएपछि उनले यो नीति अघि सारे, जसको मुख्य उद्देश्य देशभित्रको विभाजनलाई समाप्त गर्दै राष्ट्रिय एकता, प्रजातान्त्रिक मूल्य र समाजवादको स्थापनामा योगदान पुऱ्याउनु थियो।

राष्ट्रिय मेलमिलाप नीतिले द्वन्द्व र विभाजनले ग्रस्त नेपाली समाजलाई एकीकृत गर्दै समावेशी राजनीतिक संस्कृतिको निर्माणमा मार्ग प्रशस्त गऱ्यो। बिपी कोइरालाको यो दृष्टिकोण राजनीतिक रणनीति मात्र नभई सामाजिक सहिष्णुता र दीर्घकालीन शान्तिको लागि आधारभूत मार्गदर्शनका रूपमा प्रस्तुत भएको थियो।

उनको यो नीति नेपाली राजनीतिक इतिहासमा अद्वितीय र कालजयी मानिन्छ, जसले प्रजातन्त्रको पुनर्स्थापनामा मात्र नभई भावी राजनीतिक प्रणालीलाई नै पुनर्परिभाषित गर्न महत्त्वपूर्ण योगदान पुऱ्यायो। तर ३७ वर्षदेखि नेपाली काङ्ग्रेसले बिपीको नाम मात्र बेच्यो तर उनका विचार र वाणीलाई लत्याएर एउटा दुर्गन्धित दलमा परिणत भयो। देशमा बेथितिको सुरुआत नै गिरिजाप्रसाद कोइरालाको समयदेखि शुरू भयो। गिरिजाको शासनकाल नै यो देशको लागि अभिशाप भयो। बिपीले प्रारम्भ गरेको राष्ट्रियता, समाजवाद र प्रजातन्त्रको व्याख्यालाई बुझ्ने फुर्सत आजका नवसामन्तवादी काङ्ग्रेसीहरूसँग छैन। झन् शेरबहादुर देउवा नेतृत्वमा आएपछि नेपाली काङ्ग्रेस एउटा दलाल, भ्रष्टाचारी र कमिसनखोरहरूको दल बन्न पुग्यो।

बिपीले काङ्ग्रेसलाई विचार, चिन्तन र प्रयोगद्वारा नेतृत्व प्रदान गरेका थिए। नेपाली काङ्ग्रेसका नेताहरू आज पनि सार्वजनिक मञ्चहरूमा बोल्दा बिपीका विचार, चिन्तन र उनले गरेका विभिन्न प्रयोगको प्रशंसा गरेर थाक्दैनन्, तर आम मानिसले अनुभूति गर्नेगरी बिपीको विचारलाई कार्यान्वयन गरेको पाइँदैन। बिपीलाई पढ्दा हामीले थाहा पाएका कुरा के हो भने बिपी निकै सरल थिए, निकै सहज थिए। बिपीको जिन्दगी एउटा खुला किताबजस्तै थियो, जसले आफ्नो सम्पूर्ण जीवन देश र जनताका लागि समर्पित गरेका थिए। राजनीति गर्ने मानिस जोगीजस्तै जनतामा समर्पित हुनुपर्छ भन्ने बिपीको मान्यता थियो। बिपीलाई पढेर हामीले यति कुरा जानेका हौं, तर बिपीलाई भोगेको पुस्ता नै मूल नेतृत्वमा हुँदा पनि काङ्ग्रेस बिपीले सोचेको पार्टीजस्तो हुन नसक्नु निकै दुःखको विषय हो। केही अपवादलाई छाड्ने हो भने काङ्ग्रेसको अहिलेको नेतृत्वमा राजनीति जोगी बन्न होइन भन्ने सोच हाबी छ। उनीहरूका गतिविधि, जीवनशैली र बेलाबेलामा प्रवाहित हुने कुराले यसको पुष्टि गर्छ। नेपाली काङ्ग्रेसले प्रजातान्त्रिक समाजवादलाई आफ्नो मुख्य आदर्श मानेको छ। काङ्ग्रेसको विधान अन्य दस्तावेजहरूमा पनि सोही कुरा उल्लेख छ। प्रजातान्त्रिक समाजवाद बिपीले प्रादुर्भाव गरेको सिद्धान्त हो। बिपीको भनाइ थियो–"समाजवादका दुईवटा पाटा छन्, राजनीतिकरूपमा प्रजातन्त्र र आर्थिक क्षेत्रमा गरीब जनतालाई न्याय दिने खालको विकास।" बिपीले भनेजस्तै प्रजातन्त्रप्राप्तिका लागि काङ्ग्रेसले विभिन्न कालखण्डमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ, यसमा दुई मत छैन। नेपालमा पटकपटक भएका प्रजातान्त्रिक आन्दोनलहरूमा नेपाली काङ्ग्रेसले नै नेतृत्वदायी भूमिका निर्वाह गरेका कुरामा कुनै सन्देह छैन। तर के काङ्ग्रेसले प्रजातन्त्र प्राप्तिपछि बिपीको समाजवादी सिद्धान्तलाई हूबहू कार्यान्वयन गरेको छ ? मूल प्रश्न यही हो। काङ्ग्रेसका नेतृत्वकर्ताहरूले अब गम्भीर भएर सोच्ने बेला भइसक्यो।

आज काङ्ग्रेस बिपीलाई बेच्छ, तर बिपीका आदर्श, सिद्धान्त र विचारहरूलाई व्यवहारमा लागू गर्दैन। यसले बिपीका अनुयायीहरूलाई ठूलो चोट पुगेको छ। काङ्ग्रेस प्रजातन्त्र स्थापनापछि लामो समय सत्तामा बस्यो, त्यति बेला उसले न बिपीलाई सम्झ्यो, न बिपीका विचार, सिद्धान्त र आदर्शहरूलाई नै सम्झ्यो।

बिपीका आफ्नै भाइ-भतिजा पटकपटक प्रधानमन्त्री भए। उनकै शिष्य शेरबहादुर पटकपटक प्रधानमन्त्री भए, अहिले काङ्ग्रेसको सभापतिसमेत छन्। बिपीकै कान्छा छोरा डा शशाङ्क एकपटक पार्टीको महामन्त्री भए, अहिले पनि उनी काङ्ग्रेसका मुख्य नेताहरूमध्ये पर्छन्। तर पनि काङ्ग्रेसको नेतृत्व तहले कहिल्यै नेपाली राजनीति र सत्ता सञ्चालनमा बिपीको विचार र नीति लागू गर्न सकेन।

वर्षको एक/दुई दिन बिपीलाई सम्झेर चर्को भाषण गर्ने, उनकै आदर्शको बाटोमा हिंड्ने प्रण गर्ने; तर भाषण गरेको पाँच मिनेटमैं सबै कुरा भुल्ने काङ्ग्रेस नेतृत्वको प्रवृत्ति नै समस्याको मूल जड हो। काङ्ग्रेसले अब पनि बोलीमा मात्र होइन, व्यवहारमा नै बिपीको सिद्धान्त अङ्गीकार गर्न सकेन भने काङ्ग्रेस फेरि पनि वामपुड्के हुँदै जानेमा दुईमत छैन।

एक दिन एकजना कार्यकर्ताले बिपीलाई सोधेछन्–"सान्दाजु, प्रजातन्त्र आएपछि हामीजस्ता कार्यकर्ताको के हुन्छ ?" बिपीले भनेछन्–"प्रजातन्त्र आएपछि एकपटक फेरि पार्टीभित्र सुकिलामुकिलाहरू हाबी हुनेछन्, तिनले आदर्श बिर्सनेछन्, त्यस्ताविरुद्ध पार्टीभित्रै फेरि तिमीजस्ता कार्यकर्ताहरूले सङ्घर्ष गर्नुपर्नेछ।" बिपी कति दूरदर्शी थिए भन्ने यसै कुराले पुष्टि गर्छ।

नभन्दै प्रजातन्त्र आएपछि त्यस्तै भयो, बिपीका आदर्श र सिद्धान्तहरू बिर्सिन थालियो र सुकिलामुकिला पार्टीमा हाबी हुँदै गए। पार्टीभित्र डनवाद, धनवाद, नातावाद, कृपावाद, चाकडीवाद हाबी भएको कुरा इमानदार काङ्ग्रेसी कार्यकर्ताहरूले राम्रैसँग बुझेका छन्, जुन कुरा बिपीले कहिल्यै चाहेका थिएनन्। काङ्ग्रेसको वर्तमान नेतृत्वले त्यही गरिरहेको छ। तर इमानदार कार्यकर्ताहरूले अझै उनीहरूविरुद्ध सङ्घर्ष गरेका छैनन्। अति हुँदै गयो भने एक दिन त्यो पनि अवश्य हुनेछ र त्यो बेला कसैले पनि त्यसलाई रोक्न सक्नेछैन, जसले काङ्ग्रेसका लागि निकै दुःखद परिणाम दिन सक्छ। त्यस कारण काङ्ग्रेस नेतृत्वले यसबारे बेलैमा सोचोस्।

बिपी कोइरालाको नेतृत्व र उनैले प्रादुर्भाव गरेको प्रजातान्त्रिक समाजवादी सिद्धान्तको जगमा विसं २०१५ सालको आमनिर्वाचनमा नेपाली काङ्ग्रेसले दुई तिहाइ बहुमत ल्याएको थियो। सत्तामा पुग्नासाथ बिपी कोइरालाले त्यस बखत आफ्नो सिद्धान्त लागू गर्न शुरू गरेका थिए। भूमिमाथिको सामन्ती एकाधिकार उन्मूलन, सहकारी आन्दोलनको थालनी, विभिन्न उद्योगको एकीकरण, उपयुक्त कर व्यवस्था त्यति बेलाको सरकारले शुरू गरेका मुख्य काम थिए। बिपी कोइरालाको नेतृत्वमा बनेको त्यस सरकारले बिर्ता र जमीनदारी प्रथा उन्मूलन अभियान, भूमिहीनलाई भूमि वितरण, मोहियानी अधिकार संरक्षण, राजा-रजौटा प्रथाको समाप्ति, देशव्यापीरूपमा शैक्षिक प्रगति अभियान, प्रशासनमा आधुनिकीकरणजस्ता परिवर्तनकारी र जनहितकारी अभियानको थालनी गरेको थियो। तर विडम्बना ! विपी कोइरालाले डेढ वर्षभन्दा बढी शासन गर्न पाएनन्। राजा महेन्द्रद्वारा अपदस्थ भए। तर बिपी जीवनभर यही प्रजातान्त्रिक समाजवादी सिद्धान्तका लागि लडिरहे।

बिपीको यही सिद्धान्तलाई मूल उद्देश्य ठानेको काङ्ग्रेस २०४७ सालपछि पटकपटक सत्तामा पुग्यो, पटकपटक बिपीको सपना पूरा गर्ने अवसर पायो। तर व्यक्तिगत स्वार्थ, गुटगत स्वार्थ, अपरिपक्व नेतृत्व आदि कारणले मूल बाटोमा हिंड्न सकेन। व्यक्तिवाद हाबी हुँदा काङ्ग्रेस सधैं अलमलिइरह्यो। आफ्ना आदर्श र सिद्धान्तको कार्यान्वयनले राजनीतिक रूपान्तरण गर्न भन्दा व्यक्तिगत आर्थिक रूपान्तरणमा काङ्ग्रेसका नेताहरू हाबी हुनुले काङ्ग्रेस बिपीले सोचेझैं अघि बढ्न सकेन। अब काङ्ग्रेसले भुलेको प्रजातान्त्रिक समाजवादप्रतिको त्यही निष्ठालाई कार्यान्वयनतर्फ लैजान आवश्यक छ। वर्तमान समयमा पनि काङ्ग्रेस सत्तामा छ, देशको मुख्य कम्युनिस्ट पार्टीसँगको गठबन्धनमा काङ्ग्रेसले गर्न सक्ला या नसक्ला त्यो बहसको विषय बन्ला, यो गठबन्धन आवश्यक थियो या थिएन यो छुट्टै विषय होला। तर काङ्ग्रेसले आफ्नो मूल सिद्धान्त कार्यान्वयन गर्नेतर्फ अब अगाडि बढ्न अपरिहार्य भइसक्यो। यसका लागि सरकार सञ्चालनका आधारभूत सहमतिहरू, नीति तथा कार्यक्रमहरू र प्राथमिकताहरूमा काङ्ग्रेसले प्रजातान्त्रिक समाजवादलाई कार्यान्वयनमा लैजान जोड दिनुपर्छ। दस्तावेजहरूमा मात्र हैन अब व्यवहारमा बिपीको विचारलाई अवलम्बन गर्नुपर्छ। त्यति गर्न सके एकपटक फेरि काङ्ग्रेसप्रतिको जनताको भरोसा जीवित होला।

**अन्त्यमा**

नेपाली काङ्ग्रेसले बिपी कोइरालाको सिद्धान्तलाई बिर्सनुको मुख्य कारण पार्टीको बदलिंदो राजनीतिक परिप्रेक्ष्य, आन्तरिक गुटबन्दी र सिद्धान्तभन्दा पनि सत्ता केन्द्रित सोच हो। बिपी कोइरालाको राष्ट्रिय मेलमिलाप नीति, समाजवाद र प्रजातान्त्रिक मूल्यहरूमा आधारित नेतृत्वदायी दृष्टिकोण आजको नेपाली काङ्ग्रेसले अवलम्बन गर्न छाड्यो। बिपीको राजनीति जनताको भावना, पीडा र आकाङ्क्षासँग प्रत्यक्षरूपमा जोडिएको थियो। तर आजको काङ्ग्रेसी नेतृत्व जनताको समस्या र भावनाबाट टाढा देखिन्छ।

**जाँदाजाँदै**

यदि नेपाली काङ्ग्रेसले बिपीको सिद्धान्तलाई समयको मागसँगै पुनर्जीवित गर्न सकेन भने यसले आफ्नो ऐतिहासिक भूमिका गुमाउने मात्र होइन, देशको लोकतान्त्रिक यात्रामा पनि नकारात्मक प्रभाव पार्न सक्छ।

# हुलाक कार्यालय खोटाङका निमित्त प्रमुख आचार्य छोरासँगै मृत फेला

खोटाङ, ८ पुस/रासस

जिल्ला हुलाक कार्यालय, खोटाङका निमित्त कार्यालय प्रमुख कुलप्रसाद आचार्य भक्तपुरमा छोरासहित मृत फेला परेका छन्। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल निवासी ५६ वर्षीय निमित्त कार्यालय प्रमुख आचार्य र उनका कान्छा छोरा २२ वर्षीय प्रवीण आचार्य सोमवार भक्तपुरको सूर्यविनायक नगरपालिका-२ बालकोटस्थित भाडाको घरमा मृत फेला परेका हुन्।

हुलाक कार्यालयका निमित्त कार्यालय प्रमुख आचार्य छोरासँगै भक्तपुरस्थित बालकोटमा रहेको भाडाको घरमा मृत फेला परेको खबर आफूसँग आएको खोटाङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताए। उनले भने, "जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख कुलप्रसाद आचार्य बिदामा जाने भनेर मङ्सिर २८ गते प्रशासनमा आउनुभएको थियो। आज यस्तो खबर सुनियो।"

हुलाकका निमित्त कार्यालय प्रमुख आचार्य खोटाङबाट पाँच दिन अघि मात्रै जेठा छोरा मिलन आचार्य र कान्छा छोरा प्रवीण बसिरहेको भक्तपुरस्थित बालकोटमा रहेको भाडाको घरमा पुगेका थिए। बाहिरबाट चाबी लगाएको कोठाभित्र आचार्य बुबाछोरा हत्या गरिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ।

आचार्य बुबाछोराको शरीरमा चोट देखिएको र सँगै बसिरहेका जेठा छोरा सम्पर्कविहीन हुनुमा घटना शङ्कास्पद बनेको मृतकका आफन्त एवं दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलका गोपाल आचार्यले बताए। गएराति तीनजना बुबाछोरा खाना खाएर सुतेका र सोमवार बिहान भने दुईवटा ढोकामा बाहिरबाट ताला लगाएको अवस्थामा बुबाछोराको शव भेटिएको आफन्तले बताएका छन्।

उनीहरूसँगै कुलप्रसादका जेठा छोरा मिलन पनि सँगै सुतेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। शवमा चोटपटक भेटिएको र बाहिरबाट ताला लागेकोले उनीहरूको हत्या भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ। उनीहरूको शव भाडाको कोठाबाट निकालेर परीक्षणका लागि अस्पताल लगिएको आफन्तले बताएका छन्। बिदामा बसेका निमित्त कार्यालय प्रमुख आचार्यको मृत्यु हुनाका कारण अहिलेसम्म प्राप्त भइनसकेको जिल्ला हुलाक कार्यालय, खोटाङले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# पत्रकारिताको धर्म नैतिक इमानदारिता अक्षुण्ण राख्नु हो -प्रथम राष्ट्रपति डा यादव

काठमाडौं, ८ पुस/रासस

प्रथम राष्ट्रपति डा रामवरण यादवले पत्रकारिताको पेशागत व्यावसायिक मर्यादा र गरिमालाई कायम राख्न पत्रकारले आफ्नो धर्म र नैतिक इमानदारितालाई अक्षुण्ण राख्न सक्नुपर्ने बताएका छन् ।

नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेशको तेस्रो पद हस्तान्तरण कार्यक्रमको अवसरमा आयोजित 'पत्रकार भइरहन कति सहज ?' विषयक अन्तर्क्रियामा उनले पत्रकारिताको धर्म र नैतिकतालाई व्यवस्थित गरेर लैजान सकेको खण्डमा सिङ्गो पत्रकारिताको माध्यमबाट लोकतन्त्र र प्रजातन्त्र सुदृढ हुने विश्वास व्यक्त गरे ।

"पत्रकारले आफ्नो व्यावसायिक धर्म छाड्नुहुँदैन । न कि पत्रकार, चिकित्सक, वकील र राजनीतिकर्मी सबै आफू जहाँ छौं, आआफ्नो धर्म निर्वाह गर्नुपर्छ, यसबाटै देश र समाजको बृहत्तर हित हुन्छ," प्रथम राष्ट्रपति डा यादवले भने, "आजको दुनियाँमा नैतिकताको ह्रास भइरहेको छ । यस्तो बेलामा पत्रकारको आफ्नो धर्म छ । तपाईंहरू जहाँ हुनुहुन्छ, व्यावसायिक धर्म नछोड्नुस् ।"

पत्रकार देश र समाजको प्रतिनिधित्व गर्ने वर्ग भएकोले पेशागत दायित्व र नैतिक इमानदारिता कायम गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिए । उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा समावेशी चरित्रको संविधान बनेको भन्दै यसको संरक्षण र प्रवर्द्धन




गर्न सबै क्षेत्रको उत्तिकै दायित्व हुने उल्लेख गरे ।

एक अर्को प्रसङ्गमा प्रथम राष्ट्रपति डा यादवले आज संसारमा प्रजातन्त्रको क्षयीकरण भइरहेको सन्दर्भमा आफू विद्यार्थी राजनीति, चिकित्सा पेशा र पछिल्लो पदीय जिम्मेवारीमा रहँदा करीब ८३ वर्षको उमेरमा लोकतन्त्रमाथि खतरा छ भन्दा असाध्यै दुःख लाग्ने गरेको बताए । उनले संविधानको सफल कार्यान्वयनका लागि सानातिना गुनासालाई सम्बोधन गरेर सचेतनापूर्वक अगाडि बढ्नुपर्ने धारणा राखे ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य डा मीनेन्द्र रिजालले व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकास गर्नेतर्फ महासङ्घ क्रियाशील हुनुपर्नेमा जोड दिए ।

नेता रिजालले सात बुँदे सहमतिको भावना अनुरूप सरकार सफलरूपमा अघि बढ्नुपर्ने बताए । उनले यथेष्ट सहमतिका साथ देखिएका निराशालाई चिर्दै सबै राजनीतिक दलसँगको सहमतिमा संविधान संशोधनको प्रक्रिया अगाडि बढाइनुपर्ने खाँचो औंल्याए ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले व्यावसायिक पत्रकारिताको विकास र अभिव्यक्ति स्वतन्त्रताको विस्तार मात्र नभई नागरिकमा सचेतना र सरकारलाई खबरदारी गर्ने महत्त्वपूर्ण माध्यम रहेको भन्दै यसको महत्त्व र प्रतिष्ठालाई जोगाउन स्वयम् पत्रकार जिम्मेवार हुनुपर्नेमा जोड दिए । उनले लोकतन्त्रमा पत्रकारिता समाजको निरन्तर आन्दोलन भएको भन्दै लोकतन्त्रलाई गति दिन आत्माका रूपमा पत्रकारिताले काम गरिरहेको बताए ।

नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित अध्यक्ष निर्मला शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका साथै श्रमजीवी पत्रकारको पेशागत र व्यावसायिक मुद्दा प्राथमिकताका साथ

(बाँकी अन्तिम पातामा)



**माइकोपिलाः** ताप्लेजुङस्थित तिम्बुङ पोखरी क्षेत्रमा देखिएको माइकोपिला । समुद्र सतहदेखि चार हजार मिटरभन्दा माथिको क्षेत्रमा पाइने माइकोपिलालाई औषधीय गुण भएको जडीबुटीका रूपमा लिने गरिन्छ । तस्बिरः सन्तोष पुर्कुटी/रासस

# चुरियामाई सुरुङ स्थानीय तहलाई हस्तान्तरण

हेटौंडा, ८ पुस/रासस

दक्षिण एशियाको पहिलो सुरुङमार्ग 'चुरियामाई सुरुङमार्ग' हेटौंडा उपमहानगरलाई हस्तान्तरण गरिएको छ । सोमवार आयोजित कार्यक्रममा बागमती प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्केले हेटौंडा उपमहानगरका प्रमुख मीना लामालाई उक्त सुरुङमार्ग स्वामित्व हस्तान्तरण गरे ।

हेटौंडा-१५ मा अवस्थित चुरियामाई मन्दिरनजीकै रहेको उक्त सुरुङमार्गको जीर्णोद्धारपछि स्थानीय तहलाई हस्तान्तरण गरिएको मन्त्री मास्केले जानकारी दिए । सुरुङमार्ग हस्तान्तरण भएसँगै सर्वसाधारणको अवलोकनका लागि खुला गरिने उपमहानगर प्रमुख लामाले जानकारी दिइन् ।

बाग्मती प्रदेश सरकारले रु तीन करोड ६५ लाखको लागतमा सुरुङमार्गको जीर्णोद्धार गरेको हो । कुल २२५ मिटर लम्बाइको सुरुङको चौडाइ दुई दशमलव पाँच मिटर र उचाइ तीन मिटर रहेको छ ।

विसं २०७८ वैशाखमा सुरुङमार्ग मर्मत शुरू भएकामा २०८० को असोजमा सम्पन्न भएको थियो । जीर्णोद्धार भएको लामो समयसम्म पनि स्थानीय तहलाई हस्तान्तरण नहुँदा अवलोकनका लागि सर्वसाधारणका लागि खुला गरिएको थिएन ।

सुरुङ सञ्चालनका लागि उपमहानगरपालिकाले कार्यविधि बनाइसकेको छ । कार्यविधिमा सुरुङ अवलोकनका लागि नेपाली नागरिकलाई प्रतिव्यक्ति रु ५०, विदेशीलाई प्रतिव्यक्ति रु १२०, पाँच वर्षमुनिका बालबालिका, अपाङ्ग र ज्येष्ठ नागरिकलाई निश्शुल्क, विद्यार्थीलाई रु २० प्रवेश शुल्क लिने व्यवस्था गरिएको हेटौंडा उपमहानगरपालिकी प्रमुख मीना लामाले जानकारी दिइन् ।

**पर्यटन प्रवर्द्धनमा सहयोग पुग्छ - मुख्यमन्त्री लामा**

बाग्मती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले सुरुङमार्गमार्फत स्थानीयस्तरको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेमा विश्वास व्यक्त गरे । "सुरुङमार्ग सर्वसाधारणको अवलोकनका लागि खुला गरिएसँगै यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नुका साथै स्थानीय तहको आम्दानी पनि बढ्नेछ," उनले भने ।

भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्केले सुरुङमार्गमार्फत यहाँको धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने धारणा व्यक्त गरे ।

मकवानपुर र बारा जिल्लाको सिमानामा रहेको चुरे पहाडलाई खोपेर विसं १९७४ मा पाँच सय मिटर लामो सुरुङ निर्माण गरिएको थियो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जबराले यो सुरुङमार्ग निर्माणका लागि देशकै पहिलो इन्जिनीयर डिल्लीजङ्ग थापालाई जिम्मेवारी दिएका थिए ।

त्यस समयमा सुरुङमार्ग निर्माणको उद्देश्य व्यापारिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको भारतको रक्सौल र नेपालको सुक्खा बन्दरगाहका रूपमा विकास गर्न सकिने भीमफेदीबीचको दूरी घटाइ सहज पहुँच निर्माण गर्नु थियो । इन्जिनीयर थापाको योजना र अगुवाइमा चुरियामाई सुरुङमार्गसँगै चारखाल अड्डा, घण्टाघर, चन्द्र नहरलगायत महत्त्वपूर्ण पूर्वाधारहरू निर्माण भएका थिए ।

चुरे पर्वत कटान गरी सडक निर्माण गर्नुपूर्व विसं २०१८/१९ सम्म चुरियामाई सुरुङमार्ग भएर नै जीप, लहरीलगायत साना सवारी आवतजावत गर्दै आएका थिए ।

काठमाडौंलाई हेटौंडा हुँदै तराईसँग जोड्ने गरी चुरे पहाडमा निर्माण गरिएको सुरुङमार्ग दक्षिण एशियाकै पहिलो भएको स्वीस नागरिक टोनी हेगनले सन् २००४ मा लेखेको 'दि हिमालयन किङ्गडम अफ नेपाल' नामक पुस्तकमा उल्लेख छ ।

त्रिभुवन राजपथ निर्माण हुनुपूर्व रक्सौलबाट पथलैया, चुरे, हेटौंडा हुँदै भीमफेदीसम्म सवारीसाधनमा र त्यहाँबाट मानिस पैदल हिंडेर काठमाडौंसम्म तथा सवारीसाधनहरू काठमाडौं प्रवेश गर्ने सडक निर्माण नभइसकेकाले मानिसलाई भरिया लगाएर पुऱ्याइन्थ्यो । चुरियामाई सुरुङमार्ग सिमेन्टको प्रयोग नगरी तत्कालीन परम्परागत प्रविधिसँगै चुना र सुर्कीको प्रयोग गरी निर्माण गरिएको थियो ।



**मकैका झुत्ताः** गुल्मीको मदाने गाउँपालिका-६ स्थित पुर्कोटदहको छिर्नेमा घरको कौसीमा झुन्डाइ राखिएका मकैका झुत्ता । घुन, कीराबाट जोगाइ मकैलाई लामो समयसम्म सुरक्षित राख्नको लागि स्थानीयले यस परम्परागत विधि अपनाउने गरेका छन् । तस्बिरः जनार्दन घिमिरे/रासस

# गृह मन्त्रालय र केयूबीच समझदारीपत्रमा हस्ताक्षर

काठमाडौं, ८ पुस/रासस

गृह मन्त्रालय र काठमाडौं विश्वविद्यालय (केयू)को मानसिक स्वास्थ्य विभागबीच मानसिक स्वास्थ्य अध्ययन-अनुसन्धानका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

गृह मन्त्रालयका विपद् महाशाखा प्रमुख डा टोकराज पाण्डे र विश्वविद्यालयका मानसिक स्वास्थ्य विभाग प्रमुख डा दीपक कुँवरले समझदारीपत्रमा सोमवार हस्ताक्षर गरेका थिए ।

त्यस अवसरमा गृहमन्त्री रमेश लेखकले गृह मन्त्रालय र काठमाडौं विश्वविद्यालयको प्रयासमा आत्महत्याका घटनालाई नियन्त्रण र न्यूनीकरणमा सहयोग पुग्ने धारणा राखे । गृह मन्त्रालय र काठमाडौं विश्वविद्यालयको प्रयासमा एक वर्षमा आत्महत्याका घटना ठूलो सङ्ख्यामा घट्ने गृहमन्त्री लेखकले विश्वास व्यक्त गरे ।

"आत्महत्याको विषय गम्भीर छ । प्रत्येक दिनको रेकर्ड हेर्दा म आत्तिन्छु, डराउँछु । पछिल्लो २४ घण्टामा मात्र ३७ जनाले आत्महत्या प्रयास गरेका छन् । जसमध्ये ११ जनाको मृत्यु भएको छ । बाँच्न सफल २६ जनाले जुनसुकै बेला पनि आत्महत्या गर्ने खतरा हुन्छ," उनले भने ।

आत्महत्याको कारण, कारक र निदानको उपायको खोजीका लागि काठमाडौं विश्वविद्यालयले अध्ययन र अनुसन्धान गर्ने उनको भनाइ छ । "नेपाल प्रहरीले पनि आत्महत्या न्यूनीकरण कार्ययोजना २०८१ जारी गरेको छ । आत्महत्या न्यूनीकरण गर्नेमा हामीले काम राखेकै छौं । तर यत्तिले पुगेन । थप अगाडि बढ्नुपऱ्यो । त्यसका लागि काठमाडौं विश्वविद्यालयसँग मिलेर काम गर्दा उपलब्धि प्राप्त गर्छौं," गृहमन्त्री लेखकले भने, "आत्महत्या गर्ने सम्भावना भएका मानिस र आत्महत्या उद्योग गरे पनि मृत्यु नभएका मान्छेको पहिचान गरेर प्रहरीले काठमाडौं विश्वविद्यालयको मानसिक स्वास्थ्य विभागलाई जानकारी गराउँछ ।"

उनका अनुसार मानसिक स्वास्थ्य विभागले टेलिमेडिसिनमार्फत त्यस्ता मान्छेलाई मनोपरामर्श दिनेछ । आत्महत्या नियन्त्रण र न्यूनीकरणसम्बन्धी मानसिक स्वास्थ्य विभागले नेपाल प्रहरीलाई पनि आधारभूत तालीम दिने गृहमन्त्री लेखकले बताए । केही समयपछि आत्महत्यासम्बन्धी एउटा 'एप' विकास गरेर सबै कुरालाई एपमा समावेश गर्ने योजना रहेको पनि उनको भनाइ छ ।

आत्महत्या न्यूनीकरणबारे तीन महीनामा आवधिक मूल्याङ्कन गर्न गृहमन्त्री लेखकले निर्देशन दिए । "तीन महीनामा नेपाल प्रहरीले आत्महत्याको प्रयास गरेका कति मान्छेलाई मानसिक स्वास्थ्य विभागलाई जानकारी गरायो । कतिजनालाई मानसिक स्वास्थ्य विभागले मनोपरामर्श दियो । हामीले कति मान्छेलाई जोगाउन सक्यौं भनेर आवधिकरूपमा मूल्याङ्कन गर्नुपर्छ," उनले भने ।

विश्वविद्यालयका मानसिक स्वास्थ्य विभागका प्रमुख कुँवरले गृह मन्त्रालयसँग भएको सम्झौताले आत्महत्या न्यूनीकरणका लागि काठमाडौंबाहिर पनि काम गर्ने अवस्था बनेको बताए । 'टेलिमेडिसिनमार्फत दूरदराजसम्म पनि पुग्न सकिन्छ । गृह मन्त्रालयसँग मिलेर काम गर्दा राम्रो परिणाम दिन सकिन्छ," उनले भने ।

# सिराहा भन्सारद्वारा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन

सिराहा, ८ पुस/रासस

सिराहा भन्सार कार्यालयले चालू आर्थिक वर्ष २०८१/८२ को पाँच महीनाको अवधिमा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरेको छ । सो अवधिमा कार्यालयले रु पाँच करोड पाँच लाख ४० हजार राजस्व सङ्कलन गरेको छ ।

प्रमुख भन्सार अधिकृत तोयानाथ सापकोटाका अनुसार कार्यालयले पाँच महीनामा रु चार करोड ८८ लाख ५२ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । कार्यालयले सो अवधिमा वार्षिक लक्ष्यको ४१ दशमलव ६७ प्रतिशत राजस्व सङ्कलन गरेको हो ।

कार्यालयले सार्वजनिक गरेको मासिक प्रतिवेदन अनुसार चालू आर्थिक वर्षको साउन महीनामा रु ९७ लाख ९५ हजार, भदौमा रु एक करोड सात लाख ७२ हजार, असोजमा रु एक करोड दुई लाख ७६ हजार, कात्तिकमा रु एक करोड चार लाख १७ हजार र मङ्सिरमा रु ९२ लाख ८० हजार राजस्व सङ्कलन गरेको छ ।

गत आवको पाँच महीनाको तुलनामा चालू आवको सोही अवधिमा रु दुई करोड ७७ लाख ४७ हजार राजस्व वृद्धि भएको छ । कार्यालयका अनुसार गत आवको पाँच महीनाको अवधिमा रु दुई करोड ३८ लाख ९३ हजार राजस्व सङ्कलन भएको थियो । चालू आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य रु १२ करोड १२ लाख ९२ हजार रहेको छ । सिराहामा माडरस्थित सिराहा भन्सार, बरियापट्टीस्थित छोटी भन्सार र भगवानपुरस्थित ठाडी भन्सार कार्यालय छन् ।

# एनपिएल फाइनलमा अभद्र व्यवहार गर्ने दुईजना पक्राउ

काठमाडौं, ८ पुस/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनल खेलका क्रममा अभद्र व्यवहार गर्ने दुईजनालाई नेपाल प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा डोटी आदर्श गाउँपालिकाका २१ वर्षीय अशोक साउद र डोटी दिपायल सिलगढी नगरपालिकाका १९ वर्षीय गणेश साउद रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

नेपाल क्रिकेट सङ्घको आयोजनामा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा यही पुस ६ गते भएको जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्सबीचको खेलपछि केही व्यक्तिहरूबीच झगडा भएको थियो । त्यस क्रममा केही व्यक्तिले अपमानजनक शब्द प्रयोग गर्ने, साम्प्रदायिक सद्भाव बिगार्न खोज्ने तथा विभिन्न व्यक्तिलाई अभद्र व्यवहार गरेको सम्बन्धमा विभिन्न निकाय तथा सञ्चारमाध्यममार्फत र पीडितका जाहेरीका आधारमा अनुसन्धान गर्ने क्रममा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी जारी रहेको उनले जानकारी दिए ।

# सिराहा कारागार प्रकरणः छानबीन समितिले बुझायो प्रतिवेदन

सिराहा, ८ पुस/रासस

सिराहा कारागार प्रकरणको अनुसन्धान गर्न बनेको छानबीन समितिले झन्डै डेढ महीनापछि अनुसन्धान प्रतिवेदन बुझाएको छ । समितिले गत बिहीवार नै प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा बुझाएको छानबीन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी रवीन्द्रकुमार महतले जानकारी दिए ।

सूचना अधिकारी महतका अनुसार अनुसन्धान प्रतिवेदन ९० पृष्ठको रहेको छ । उनले भने-"प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल बिदामा हुनुहुन्छ । सम्भवतः उहाँ बिहीवार कार्यालय आउनुहुन्छ । उहाँ आएपछि जिल्ला सुरक्षा समितिको बैठकमा प्रतिवेदन पेश हुन्छ र प्रतिवेदन सार्वननिक हुन्छ ।"

गत कात्तिकमा कैदीहरूले कारागारभित्रै मदिरा सेवन गर्नेदेखि अवैध लागू औषधसमेत कारोबार गर्ने गरेको सूचना बाहिरिएपछि सो सम्बन्धमा अनुसन्धान गर्न प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा कात्तिक २५ गते पाँच सदस्यीय छानबीन समिति गठन भएको थियो । छानबीन समितिमा जिल्ला प्रशासन र कारागार कार्यालयका प्रतिनिधिसमेत रहेका थिए ।

कारागारका मूल नाइके र अन्य कैदीले मदिरा खाँदै गरेको तथा मोबाइल चलाउँदै गरेको घटना प्रमाणसहित सञ्चारमाध्यममा सार्वजनिक भएको थियो । त्यस्तै कारागारमा पाँच गुणासम्म मूल्यमा लागू औषधसहित, बाहिर पाइने सबै कुरा उपलब्ध हुने जानकारी बाहिरिएको थियो । यस प्रकरणमा कारागार व्यवस्थापन विभागले तत्कालै जिल्ला प्रशासन कार्यालय, सिराहालाई घटना छानबीन गरी संलग्नलाई कारबाई गर्न र कारागार कार्यालय सिरहालाई घटनाबारे प्रतिवेदन पठाउन लिखित निर्देशन दिएको थियो ।

# एनपिएलले उघारेको सपना

विचार



डा शोभाकर पराजुली

**एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुन खालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ, त्यसलाई राज्यले अवसरका रूपमा लिनुपर्छ। सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ।**

देशको खेल इतिहासमैं पहिलोपटक भएको नेपाल क्रिकेट लिग (एनपिएल) को भव्यताले आम खेल क्षेत्रमा एक प्रकारको उत्साह र उमङ्ग छाएको छ। यो नेपालको सबैभन्दा धेरै धनराशि लगानी गरिएको पहिलो घरेलु प्रतियोगिता हो। यसले देशीय मात्रै नभई अन्तर्राष्ट्रियरूपमा पनि चर्चा बटुल्न सफल भयो। यसले नेपाली खेल र खेलाडीको अन्तर्राष्ट्रिय परिचय उचाइमा पुर्‍याएको मात्रै छैन, बरु खेल क्षेत्रको विकासमा नयाँ आयाम पनि थपिदिएको छ।

जसरी नेपाली खेलाडीको अन्तर्राष्ट्रिय परिचय उँचो भएको छ, त्योभन्दा अग्लो नेपाली क्रिकेटको परिचय अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूले पनि बनाइदिएका छन्। एनपिएलमा सहभागी आठ फ्रेन्चाइज समूहका लागि विभिन्न देशबाट आएका दर्जन बढी अन्तर्राष्ट्रिय खेलाडीले नेपाल र नेपाली खेलकूदलाई विश्व मञ्चमा पहिचान पुर्‍याउन सहयोग पुगेको छ। विदेशी खेलाडी नेपालको घरेलु प्रतियोगितामा भाग लिन आउँदा नेपाली खेलाडीमा उत्साह मात्रै सञ्चार भएको छैन, बरु उनीहरूले नेपालको प्राकृतिक र नेपाली भूगोलको समेत परिचय विश्वमाझ पुर्‍याएका छन्। यसरी हेर्दा क्रिकेटको यो घरेलु महाकुम्भले खेल मात्रै नभएर आर्थिक, सामाजिक र पर्यटकीय हिसाबले पनि देशलाई निकै फाइदा पुगेको छ र सँगसँगै क्रिकेटको यो महामेलाले खेलको मनोरञ्जन मात्रै नभएर देशको अर्थतन्त्रलाई एउटा दिगो दिशा पनि दिएको छ। यससँगै एनपिएलएले सामाजिक एकता तथा साम्प्रदायिक सद्भावको सुगन्ध पनि छरेको छ।

नेपालमा धेरै प्रकारका खेल छन्। ती सबका आआफ्ना महत्त्व, मान्यता र इतिहास छन्। तिनले हाम्रो समाजलाई भावना र आत्मीयरूपमा पनि जोडिआएका छन्। कुनै कुनै खेलहरू यस्ता पनि छन्, जसले समुदायको पहिचान बोकेका हुन्छन्, इतिहास बोकेका हुन्छन्। ती आफैंमा हाम्रा सामाजिक र सांस्कृतिक पहिचान पनि बनेका छन्। कतिपय खेलले नेपाललाई अन्तर्राष्ट्रियरूपमा चिनाइरहेका छन्। त्यस्तै, पछिल्लो समय नेपाललाई चिनाउने एउटा आयाम बनेको छ, क्रिकेट।

क्रिकेटको विश्व इतिहास सदियौं लामो छ। १६औं शताब्दीको सुरुआततिर बाहिर खेलिन थालेको यो खेल नेपालमा भने १९औं शताब्दीतिर मात्रै सुरुआत भएको देखिन्छ। त्यो बेलाको राजनीतिक र सामाजिक व्यवस्था अनि अवस्थाका कारण यो खेल कुनै बेला दरबारका पर्खालभित्र मात्रै सीमित थियो। अर्थात् शासकहरूले आफ्नो परिवारको मनोरञ्जनका लागि मात्रै यो खेल खेल्न शुरू गरेका थिए। शासकीय दायराबाट बिस्तारै गल्ली र मैदानसम्म आइपुगेको क्रिकेटले अहिले चौतर्फी उत्साह थपिरहेको छ। साँघुरा गल्ली, खेलबारी र अप्ठचारा मैदानबाट उठेर नेपाली क्रिकेट अहिले विश्वस्तरीय प्रतिस्पर्धासम्म पुगिसकेको इतिहास छ। यो खेलको साँघुरो इतिहास अहिले निकै विराट् भइसकेको छ र अझ उज्यालो भविष्यको यात्रामा अघि बढिरहेको छ। १६औं शताब्दीतिर युरोपबाट शुरू भएको यो खेल अब विश्वभरि फैलिइसकेको छ। र यो खेल मनोरञ्जनका लागि मात्रै रहेन, बरु क्रिकेट अब कैयौं राष्ट्रका लागि अर्थतन्त्रको एउटा हिस्सा बनिसकेको छ।

नेपालमा कुनै बेला बेलायततिरको सिको गरेर राणाहरूले आफ्ना सन्तान र परिवारबीच मनोरञ्जनका लागि पर्खालभित्र शुरू गरेको क्रिकेट अहिले हरेक नयाँ जन्मिने बालकको सपना बनिसकेको छ। त्यसैमा उनीहरूले भविष्य देखिरहेका छन् र खोजिरहेका छन्। नेपालमा राणा शासनकालदेखि नै क्रिकेटको सुरुआत भएको देखिन्छ। २००४ सालमैं नेपालमा क्रिकेट सङ्घ गठन भएको थियो तर त्यसले २०५२ सालमा आएर मात्रै अन्तर्राष्ट्रिय क्रिकेट सङ्घबाट मान्यता पायो। यद्यपि दरबारका पर्खाल नाघेर आम नागरिकस्तरमा क्रिकेट खेल २००६ सालदेखि नै खेल्न शुरू भएका इतिहासहरू भेटिन्छन्।

सुधार र आधुनिकतातिर झुकाव राख्ने कतिपय राणा शासकहरूले जनस्तरमैं त्यो बेलादेखि क्रिकेट खेलाउन शुरू गरेका थिए। विसं १९१९ तिर दरबार हाइस्कूलमा क्रिकेट खेलाइएको थियो तर खुल्लारूपमा २०३७ सालतिर मात्रै राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता आयोजना भयो। यस प्रतियोगितामा अञ्चलस्तरीय समूहहरू सहभागी भएका थिए। त्यसपछि बिस्तारै गति लिन थालेको क्रिकेटले २०४६ तथा २०६३ सालपछि व्यावसायिकरूपमा पनि गति लिन थाल्यो। यसरी शासकको दरबारिया पर्खाल अनि साँघुरा गल्ली र घाँसे मैदान हुँदै अहिले नेपाली क्रिकेट अब अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको छ। नेपाल अब एकदिवसीय क्रिकेटको मान्यता प्राप्त राष्ट्र मात्रै होइन, विश्वकपको प्रतिस्पर्धासम्म पुगिसकेको देश बन्न सफल भएको छ। पुरुष क्रिकेट मात्रै नभएर नेपालको महिला क्रिकेट पनि अहिले विश्वस्तरीय प्रतिस्पर्धामा भाग लिन सक्ने भइसकेको छ।

खासगरी अहिले क्रिकेट खेल एशियाली राष्ट्रहरूको एउटा ढुकढुकीका रूपमा स्थापित भइरहेको छ। छिमेकी भारतमा त यो खेल हरेक नागरिकको आस्थाजस्तै बनिसकेको छ। यहाँ क्रिकेटलाई मनोरञ्जन, आर्थिकोपार्जन अनि व्यवसाय मात्रै होइन, यसलाई त धेरै भारतीयले आफ्नो राष्ट्रियताको मानकसमेत बनाइसकेका छन्। अर्थतन्त्रका हिसाबले हेर्ने हो भने त विश्व क्रिकेटको आधाभन्दा बढी हिस्सा भारतकै देखिन्छ। यसमा लगानी गर्नेहरूको तँछाडमछाड मात्रै होइन, त्यसले गर्दा धेरै खेलाडीको जीवनस्तर पनि उकासिएको छ। अहिले भारतमा ससाना प्रतियोगिताहरू मात्रै होइन, टोलटोलका क्रिकेट खेलाडीहरूको समेत जीवनको आधार यही खेल बनेको छ र बिस्तारै नेपालमा पनि अब हरेक खेलाडीले क्रिकेट खेलेरै जीवन धान्ने आधारहरू तयार भइरहेका छन्। भर्खरै सम्पन्न एनपिएलको पहिलो संस्करण त्यसकै एउटा जीवन्त उदाहरण हो। एनपिएलको पहिलो संस्करणमैं देखिएको लगानीको उत्साहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाएको छ। यसको सुरुआती भव्यताले एकातिर क्रिकेटमाथि लगानीका सम्भावनाका ढोकाहरू खुलेका छन् भने यसबाट अरू व्यापार–व्यवसायमा पनि फाइदा नै पुगेको छ। नयाँ पुस्ताका खेलाडीहरूलाई आकर्षित गर्न मदत गरेको छ भने स्थापित खेलाडीहरूलाई पनि अब भविष्यका लागि देशै छोड्नुपर्ने बाध्यता हट्दैछ भन्ने सन्देश दिएको छ। खेल खेलेरै नेपालमा पनि आरामदायी जीवन बाँच्न सकिन्छ भन्ने एनपिएलले छोडेको छ।

हरेक खेल जति व्यक्ति वा उसको व्यक्तिगत स्वास्थ्य तथा मनोरञ्जनका लागि आवश्यक छ, त्यत्तिकै राष्ट्र र राष्ट्रियताका लागि पनि खेल क्षेत्र सबल हुन जरुरी छ। तर हाम्रो राज्यको नीतिगत तहमैं खेल क्षेत्रलाई उतिसारो प्राथमिकता दिएको देखिँदैन। त्यसमा पनि खेल अनि खेलाडीको वृत्तिविकासका लागि गठन भएका सङ्घसंस्थाहरूमैं राजनीति घुस्दा अझ तहसनहस हुँदै गइरहेको अवस्था छ। टोलका गल्लीहरू हुँदै अन्तर्राष्ट्रिय मैदानसम्म पुगिसकेको नेपाली क्रिकेटको अवस्था पनि त्योभन्दा फरक छैन। क्रिकेट मात्रै होइन, अहिलेसम्म जति पनि खेलमा नेपालको नाम गाँसिएको छ, त्यो सब मात्रै खेलाडीको आफ्नो मेहनत र परिश्रमबाट मात्रै सम्भव भएको देखिन्छ। राज्यले न खेल क्षेत्रमा लगानी गरेको छ, न खेलाडीलाई प्रोत्साहन गर्न सकेको छ।

अन्तर्राष्ट्रियस्तरसम्म पुगिसकेको क्रिकेटको हकमा पनि राज्यको यही र यस्तै उदासीनता छ। अहिलेसम्म नेपालमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको क्रिकेट मैदानसमेत छैन। अन्तर्राष्ट्रिय क्रिकेट सङ्घको आधिकारिक मान्यता पाइसकेपछि २०५५ सालमा नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिताको आयोजना गर्ने मौका पाएको थियो। त्यही मौकामा कीर्तिपुर र पुल्चोकमा क्रिकेट मैदानहरू बनेका थिए। यद्यपि पहिलोपल्ट भएको त्यो अन्तर्राष्ट्रियस्तरको एसिसी ट्रफीमा नेपाल सबै खेलमा पराजित भयो। तथापि त्यसबाट नेपालमा क्रिकेटको व्यावसायिक यात्राको सुरुआत भएको मानिन्छ। त्यो बेला बनेको क्रिकेट मैदान नेपालमा ठूला प्रतियोगिताहरू खेल्ने र खेलाउने एकमात्रै रङ्गशाला हो। यति हुँदासम्म पनि राज्य रङ्गशालालगायत खेल क्षेत्रको भौतिक विकासमा खासै उदार भएको देखिँदैन। ठाउँठाउँमा मैदानहरू बन्न शुरू भएपनि राज्यले त्यसको अपनत्व नलिंदा ती लथालिङ्ग अवस्थामा छन्।

खेल क्षेत्रको यो भौतिक दुरवस्थासँगै कैयौं खेलाडीको पनि त्यस्तै अवस्था छ। एनपिएलकै बेला थाहा भयो विश्वभरि थुप्रै त्यस्ता राम्रा नेपाली खेलाडीहरू पनि छन्। यही प्रतियोगिता खेल्नका लागि विश्वका ठूलठूला क्लबहरूमा खेल्ने नेपाली मूलका खेलाडीहरू पनि एनपिएलमा सहभागी भए। उनीहरूलाई नेपालमैं बस्ने वातावरण बनाउनु राज्यको दायित्व हो। त्यस्तै, मैदानहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको स्तरोन्नतिले अरू पनि थुप्रै अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरू यहाँ खेलाउन सकिन्छ भन्ने सन्देश पनि एनपिएलले छोडेको छ। एनपिएलको पहिलो संस्करणमा खेलाडी, खेल क्षेत्र वा आर्थिक तथा सामाजिक क्षेत्रमा जुन खालको उत्साह, उमङ्ग र गतिशीलता देखिएको छ, त्यसलाई राज्यले अवसरका रूपमा लिनुपर्छ। सबैभन्दा पहिला खेल क्षेत्रमा झाँगिएको राजनीतिको अन्त्य हुनुपर्छ। अनि राज्यले नीतिगत तहमैं खेल क्षेत्रको भौतिक विकास र खेलाडीको व्यक्तिगत जीवनका लागि निर्णायक भूमिका खेल्नुपर्छ।



**नीलगिरि हिमालः** मुस्ताङको थासाङ गाउँपालिका–२ लार्जुङ गाउँनजीकैको कालीगण्डकी बगरबाट देखिएको नीलगिरि हिमाल र आसपासको क्षेत्र। पछिल्लो समय हिमालमा हिउँ घट्दै गएको छ। तस्बिरः सुशीलबाबू थकाली/रासस

## फरक समाचार

# मेरुदण्डको आयुर्वेद उपचार स्पाइन बस्ती

हाम्रो देशमा धेरै मानिस मेरुदण्ड दुख्ने समस्याबाट ग्रसित छन्। युवाहरूमा समेत मेरुदण्डको समस्या देखिन थालेको छ। जसका कारण कोही औषधिमा निर्भर हुन थालेका छन् भने कसैलाई शल्यक्रिया गर्नुपर्ने बाध्यता छ। तर



आयुर्वेदको पञ्चकर्म उपचार विधिबाट शल्यक्रिया नगरी मेरुदण्डको समस्या निको पार्न सकिन्छ। यहाँ स्पाइन बस्तीको चर्चा गरिँदैछ।

स्पाइन बस्ती गर्नाले मेरुदण्डको दुःखाइ हट्छ। यसको लागि मेरुदण्डमा पीठोको भित्ता बनाइन्छ, त्यसपछि त्यसमा विभिन्न जडीबुटीको तेल मिसाएर अलिकति तताएर पीठोको भित्तामा हालिन्छ। यो उपचारमा करीब एक घण्टा लाग्छ। महीनामा चारपटक यो थेरापी गर्नाले मेरुदण्डको दुःखाइ हट्छ। पहिलेका बूढापाकाहरू आयुर्वेदिक औषधिहरू मात्र प्रयोग गर्थे। तर आजका मानिसहरू अङ्ग्रेजी औषधिमा बढी विश्वास गर्न थालेका छन्, जसका फाइदाका साथै धेरै बेफाइदा पनि छन्।

आयुर्वेद चिकित्सक हर्षले 'स्पाइन बस्ती' नामले नै थाहा हुन्छ कि हाम्रो मेरुदण्डको माथि बस्ती बनाएर उपचार गर्नुपर्छ। बस्ती चिकित्सा भनेको पीठोको भित्तामा जडीबुटीको तेल हालेर त्यहाँ राख्नुपर्छ। त्यसै कारण यसलाई 'स्पाइन बस्ती' भनिन्छ। स्पाइन बस्ती थेरापी त्यस्ता व्यक्तिहरूमा गरिन्छ, जसको सम्पूर्ण मेरुदण्डमा समस्या छ।

भारतको सहारनपुरस्थित फिजियोथेरापी आयास आयुर्वेदिक अस्पतालमा मात्र गरिन्छ। मानिसहरू यो उपचार विदेशमा गराउन रुचाउँछन्। सहारनपुरमा यो थेरापी मात्र भारु १००० मा गरिन्छ। जबकि विदेशमा यस उपचारका लागि रु ५००० देखि १०००० सम्म खर्च हुन्छ। यो प्रणाली भारतको आधारभूत चिकित्सा प्रणाली हो। पञ्चकर्म आयुर्वेद उपचारको एक महत्त्वपूर्ण अङ्ग पनि हो।

धेरै मानिस यसको मदतले आफ्नो मेरुदण्डको दुःखाइ निको गर्दैछन्। यसमा धेरै खर्च लाग्दैन। तपाई पनि मेरुदण्डको दुःखाइबाट पीडित हुनुहुन्छ भने यस उपचारको मदत लिन सक्नुहुन्छ।

# क्रिसमसमा कस्तो उपहार दिने

क्रिसमस पर्व खुशी र उत्सव मात्र होइन, आफ्ना प्रियजनलाई विशेष महसूस गराउने चाड पनि हो। यस्तो अवस्थामा परिवार, साथीभाइ र बालबालिकाका लागि सही उपहार खोज्नु कुनै कलाभन्दा कम छैन। यतिमात्र होइन, उपहार छनोट गर्ने चलन पनि हरेक वर्ष परिवर्तन हुँदै गएको छ र यसपटक पनि युनिक र ट्रेन्डिङ गिफ्टको माग बढेको छ। यदि तपाईं प्रियजनलाई क्रिसमसमा केही दिन चाहनुहुन्छ जुन अनौठो मात्र होइन, अविस्मरणीय पनि बनोस् भने निम्न उपायहरू गर्नुहोस्।



**परिवारका लागि उपहारः** प्रियजनसँग बिताएका सुन्दर पलहरू कैद गर्न एउटा व्यक्तिगत फोटो फ्रेम वा एल्बम किन्न सक्नुहुन्छ। यसबाहेक घरको सजावटका सामानहरू जस्तै मैनबत्ती सेट, भित्ता ह्याङ्गिङ वा एलइडी बत्ती पनि किनेर दिन सक्नुहुन्छ। किचन ग्याजेटहरूका लागि एयर फ्राइर वा स्मार्ट कफी मेकरजस्ता आधुनिक किचन उपकरणहरू पनि किन्न सक्नुहुन्छ र उपहारको रूपमा दिन सक्नुहुन्छ।

**बच्चाहरूको लागि उपहारः** घरमा बच्चाहरूको लागि रोबोट खेलौना वा अन्तर्क्रियात्मक खेलौनाहरू किन्न सक्नुहुन्छ। यसले बच्चाहरूलाई व्यस्त राख्न मदत गर्नेछ। किताब र कला किटहरू पनि दिन सक्नुहुन्छ। उसलाई मनपर्ने कार खेलौना पनि किन्न र दिन सक्नुहुन्छ।

**साथीहरूका लागि उपहारः** साथीहरूका लागि उत्तम उपहार खोज्दै हुनुहुन्छ भने तिनीहरूको नाम वा चित्र छापिएको व्यक्तिगत मग र कुसन दिन सक्नुहुन्छ। यसबाहेक वायरलेस इयरबड वा स्मार्ट घडी पनि दिन सक्नुहुन्छ। जाडोमा आवश्यक पर्ने स्टाइलिस स्कार्फ, ज्याकेट वा स्वेटर पनि उपहार दिन सक्नुहुन्छ।

**कार्यालय साथीका लागि उपहार** : कार्यालयका साथीहरूलाई क्रिसमसमा ग्रिटिङ कार्ड उपयोगी विकल्प हुन सक्छ। यसबाहेक चकलेट, कुकीज र वाइनले भरिएको ह्याम्पर पनि दिन सक्नुहुन्छ। वातावरणमैत्री उपहारहरू जस्तै बिरुवा, बायोडिग्रेडेबल झोलाहरू वा दिगो उत्पादनहरू पनि राम्रो उपहार विकल्पहरू हुन सक्छन्।

**जीवन साथीको लागि उपहारः** यदि तपाईं आफ्नो पार्टनरलाई क्रिसमसमा उपहार दिन चाहनुहुन्छ भने राम्रो गुणस्तरको अत्तर, स्ट्रेटनर वा हेयर कलर, गहना, पोशाक आदि दिन सक्नुहुन्छ। यी उपहारले तपाईंको सम्बन्धलाई बलियो बनाउन पनि मदत गर्नेछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# पाकिस्तानमा प्रमाणपत्र प्राप्त गर्नको लागि पोलियो खोप अनिवार्य



पाकिस्तानको प्रान्त खैबर–पख्तुनख्वामा बालबालिकालाई पोलियो थोपा खुवाउँदै स्वास्थ्यकर्मी । तस्वीरः एजेन्सी

पाकिस्तान, ८ पुस/एएनआई

पाकिस्तानको प्रान्त खैबर–पख्तुनख्वामा सरकारले जन्म, मृत्यु र विवाह प्रमाणपत्रहरू प्राप्त गर्नको लागि पोलियो खोप अनिवार्य गरेको छ।

यो उपाय पोलियो उन्मूलन गर्न प्रान्तको निरन्तर प्रयासलाई बलियो बनाउनको लागि हो ।

यस निर्देशन अन्तर्गत आफ्ना बालबालिकालाई पोलियो थोपा खुवाउन अस्वीकार गर्ने परिवारहरूलाई यी आवश्यक कागजातहरूमा पहुँचबाट वञ्चित गरिनेछ ।

मुख्यतया पेशावर र गाउँ काउन्सिल वरपरका क्षेत्रहरूमा ध्यान केन्द्रित गर्दै, नीतिले व्यापक खोप सुनिश्चित गर्ने र कमजोर समुदायहरूमा पोलियो प्रसारणको जोखिम कम गर्ने लक्ष्य राखेको छ ।

स्वास्थ्य विभागका एक प्रवक्ताले भने–"उक्त निर्णयले प्रत्येक बालबालिकालाई खोप लगाउने सुनिश्चित गर्ने र भविष्यका पुस्तालाई पोलियोबाट जोगाउन आवश्यक सबै कदम चालिरहेका छौं ।"

पोलियो उन्मूलन पाकिस्तानमा निरन्तर चुनौती भएको छ ।

व्यापक अभियानका बावजूद पनि केही परिवार विभिन्न कारण देखाउँदै आफ्ना बालबालिकालाई खोप लगाउन हच्किन्छन् ।

सरकारले यस नीतिलाई यस्तो प्रतिरोध हटाउन र खोपको व्यापकता सुधार्न महत्त्वपूर्ण कदमको रूपमा हेर्छ ।

यस पहललाई स्थानीय र अन्तर्राष्ट्रियरूपमा स्वास्थ्य संस्थाहरूले नजीकबाट निगरानी गरिरहेका छन् ।

महत्त्वपूर्ण कागजातहरू जारी गर्ने कार्यलाई खोप अनुपालनसँग जोडेर, खैबर पख्तुनखा सरकारले प्रदेशलाई पोलियोमुक्त बनाउने अभियानलाई तीव्रता दिने लक्ष्य राखेको छ । रासस

# दक्षिण कोरियाद्वारा 'तेस्रो जासूसी उपग्रह' सफलतापूर्वक प्रक्षेपण

सियोल, ८ पुस/एएनआई

दक्षिण कोरियाले शनिवार अमेरिकी अन्तरिक्ष केन्द्रबाट तेस्रो स्वदेशी जासूस उपग्रह प्रक्षेपण गरेको रक्षा मन्त्रालयले जनाएको छ ।

स्पेसएक्स फाल्कन ९ रकेट सामान्यरूपमा राति ८:३४ मा उड्यो । क्यालिफोर्नियाको भान्डेनबर्ग स्पेस फोर्स बेसबाट राति ९:२४ बजे (कोरियाली समय) अनुसार उपग्रहलाई कक्षमा प्रक्षेपण गरिएको थियो ।

प्रक्षेपण गरिएको भूउपग्रहले राति ११:३० बजे विदेशी ग्राउन्ड स्टेशनसँग सञ्चार गर्न सफल भएको र यसले भूउपग्रहको सामान्य सञ्चालनको सङ्केत गरेको जनाएको छ ।

दक्षिण कोरियाले सन् २०२५ सम्म पाँचवटा जासूसी उपग्रहहरू प्राप्त गर्ने योजनाको भागको रूपमा प्रक्षेपण गरेको यो तेस्रो सैन्य उपग्रह हो ।

दक्षिण कोरिया यस अघि अमेरिकाले उपलब्ध गराएको सेटेलाइट इमेजरीमा ठूलो मात्रामा भर परेको थियो। रासस

# मस्क अमेरिकी राष्ट्रपति बन्ने सम्भावना छैन

वाशिङ्टन, ८ पुस/एएफपी

आगामी ट्रम्प प्रशासनका महत्त्वपूर्ण पात्र एलन मस्क कुनै दिन राष्ट्रपति बन्न सक्ने सम्भावना नरहेको आइतवार अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले बताएका छन् ।

ट्रम्पले अमेरिकी नियमलाई इङ्गित गर्दै मस्कले अमेरिकी राष्ट्रपति लड्ने सम्भावना नरहेको बताएका हुन् ।

एरिजोनाको फिनिक्समा आयोजित रिपब्लिकन पार्टीको सम्मेलनमा ट्रम्पले भने–"उहाँ राष्ट्रपति हुनुहुनेछैन। यो कुरा म तपाईंलाई भन्न सक्छु ।"

"तपाईंलाई थाहा छ उहाँ किन अमेरिकी राष्ट्रपति हुन सक्नुहुन्न ? उहाँ यो देशमा जन्मनुभएको थिएन"–ट्रम्पले टेस्ला र स्पेस एक्सका मालिकबारे भने–"उहाँ दक्षिण अफ्रिकामा जन्मिनुभएको थियो ।"

अमेरिकी संविधानमा राष्ट्रपति हुनका लागि अमेरिकामा जन्मेको अमेरिकी नागरिक हुनुपर्ने व्यवस्था छ ।

ट्रम्पले विशेषगरी डेमोक्रेटिक समूहको आलोचनाको जवाफ दिँदै प्रविधि क्षेत्रका अर्बपति व्यवसायी र विश्वको सबैभन्दा धनी व्यक्तिलाई 'राष्ट्रपति मस्क' को रूपमा चित्रण गरेका थिए ।

ट्रम्पको 'दक्षताको शक्ति' को रूपमा काम गर्ने मस्कको प्रभावले गर्दा डेमोक्रेटिकहरूले मस्कविरोधी प्रचारलाई केन्द्रित गर्दै एक अनिर्वाचित नागरिकले कसरी यति धेरै शक्ति प्रयोग गर्न सक्छ भन्ने प्रश्नहरू उठाएको देखिन्छ ।

मस्कले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म एक्समा २० करोडभन्दा बढी 'शुभचिन्तक'लाई यस हप्ता सरकारी कोषको प्रस्ताव बेकार भनेपछि यसले कतिपय रिपब्लिकनलाई समेत क्रुद्ध पारेको थियो ।

ट्रम्पका साथै मस्कले अन्ततः रिपब्लिकन सांसदलाई अमेरिकी कङ्ग्रेसमा कडा परिश्रम गरी सहमत भएको कोष विधेयक फिर्ता लिन दबाब दिएका थिए । यसले संयुक्त राज्य अमेरिकालाई बजेट अभावको सँघारमा धकेल्यो, जसको परिणामस्वरूप क्रिसमसको केही दिन अघि सरकारलाई सेवा नियमितरूपमा अघि बढाउन कठिनाइ भयो ।

कङ्ग्रेसले शुक्रवारदेखि शनिवारसम्मको लगातारको पहलपछि एउटा सहमति गरेको छ र यसले सरकारी सेवाहरू व्यापक अवरोध हुनबाट जोगिएका थिए । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**रसुवागढी हाइड्रोपावरको टर्बाइनः** रसुवाको टिमुरेस्थित रसुवागढी हाइड्रोपावरको भूमिगत जल विद्युत्गृहमा जडित तीनवटा टर्बाइन । आयोजनाको १११ मेगावाट विद्युत् उत्पादन क्षमताको रहेकोमा भोटेकोशीमा पानीको बहाब घटेकोले पहिलो चरणमा ५२ मेगावाट उत्पादन शुरू गरिएको आयोजनाले जनाएको छ । तस्बिर : ज्ञानेन्द्र न्यौपाने/रासस

# चिनियाँ चिकित्साले उपचार प्रणालीलाई समृद्ध बनायो– मन्त्री गुप्ता

प्रस, काठमाडौं, ८ पुस/

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र चिनियाँ राजदूत छेन सोङले 'परम्परागत चिनियाँ चिकित्सा अन्तर्राष्ट्रिय निदान तथा उपचार केन्द्र'को संयुक्तरूपमा उद्घाटन गरेका छन् ।

कार्यक्रममा मन्त्री गुप्ताले परम्परागत चिनियाँ चिकित्सा पद्धतिले आधुनिक उपचार प्रणालीलाई समृद्ध बनाएको बताए । 'मानव शरीर, प्रकृति र ऊर्जा (क्युआई)को सन्तुलनमा यो विधि आधारित छ । एक्युपन्चर, हर्बल मेडिसिन, मसाज (तुइना) र खानपानसम्बन्धी परामर्शलगायत विधिहरूले उपचार प्रणालीलाई नै समृद्ध बनाउँदै लगेको उनले बताए । मन्त्री गुप्ताले भने त्यस्तो विधि नेपालमा पनि शुरू गरिएको र यसले यहाँको उपचार प्रणालीलाई पनि समृद्ध बनाउने विश्वास लिएको बताए ।

उनले परम्परागत चिनियाँ चिकित्सा हजारौं वर्ष पुरानो विधि भएको चर्चा गर्दै उनले सिभिल अस्पतालमा सकेसम्म धेरै विधिको प्रयोग गरी विशिष्ट स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए । उनले विश्वभर स्वास्थ्य सेवामा नवीन प्रविधि र परम्परागत ज्ञानको संयोजन बढिरहेको र त्यसले स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

मन्त्री गुप्ताले सिभिल अस्पतालको स्थापना र त्यसपछि पनि हालसम्म निरन्तर सहयोग गर्दै आएकामा चीन सरकारप्रति कृतज्ञता व्यक्त गरे । अस्पताललाई अझै विस्तारित र प्रभावकारी बनाउन भविष्यमा समेत चिनियाँ सहयोग आवश्यक रहेको चर्चा गर्दै उनले निरन्तर सहयोगको अपेक्षा गरे ।

कार्यक्रममा चीनको तर्फबाट नेपालका लागि चिनियाँ राजदूत छेन सोङ, आर्थिक तथा वाणिज्य दूत से यू तथा नेपालको तर्फबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेल, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयकी सहसचिव मीरा आचार्य र परराष्ट्र मन्त्रालयका उपसचिव मणिराम शर्मालगायत सहभागी थिए ।



कार्यक्रममा नेपालमा लागि चिनियाँ राजदूत छेन सोङले सिभिल अस्पताललाई विश्वस्तरीय सेवाहरूका साथ नेपालकै नमूना अस्पताल बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल सरकारले २०६४ सालमा गठन आदेशमार्फत कानूनी आधार तयार गरेपछि चीन सरकारको मुख्य सहयोगमा सिभिल अस्पताल स्थापना गरिएको थियो। स्थापनापछि पनि चीन सरकारले निरन्तर सहयोग गर्दै आइरहेको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – कार्यनाश |
| मिथुन – भयचिन्ता | कर्कट – मित्रमिलन |
| सिंह – कान्तिक्षय | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – राज्यभय |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# नेप्से परिसूचक २८ दशमलव ९१ अङ्कले बढ्यो

काठमाडौं, ८ पुस/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २८ दशमलव ९१ अङ्क अर्थात् एक दशमलव ११ प्रतिशतले बढेर दुई हजार ४१२ दशमलव २० बिन्दुमा पुगेको छ ।

नेप्सेका अनुसार सोमवार विभिन्न ३२८ कम्पनीका ८९ लाख आठ हजार ८५१ कित्ता शेयर ५५ हजार ९३८ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब ४३ करोड २४ हजार ६०३ मा कारोबार भएको छ।

आजको कारोबारपछि सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको नौ दशमलव ९९ प्रतिशत, बलेफी हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९३ प्रतिशत र नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको शेयर मूल्य आठ दशमलव ८६ प्रतिशतले बढेको छ ।

त्यसैगरी, मानुसी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लाग्दा कुल ४२ वटा कम्पनीको शेयर मूल्यमा रातो देखिएको छ ।

नेप्सेका अनुसार आज कर्पोरेट डेभलपमेन्ट बैंकको तीन दशमलव १६ प्रतिशत, पिपुल्स पावर लिमिटेडको दुई दशमलव ३१ प्रतिशत, ग्लोबल आइएमई ब्यालेन्स्ड फन्ड–१ को एक दशमलव ९० प्रतिशत र आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य एक दशमलव ८६ प्रतिशतले ओरालो लागेको छ ।

## शिक्षक आवश्यकता

उपरोक्त सम्बन्धमा यस श्री दिव्य कन्या प्राविधिक मावि बिरञ्चीबर्वा, पर्सालाई कलिकामाई गापाको कार्यालयको मिति २०८१/०९/०१, चनं ३६८/२०८१/८२ प्राप्त पत्र अनुसार तथा विव्यसको मिति २०८१/०९/०२ को निर्णय अनुसार तपसीलको विज्ञापन नं ०६/२०८१/८२, ०७/२०८१/८२, ०८/२०८१/८२ मा योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | विषय | तह | दरबन्दीको किसिम | सङ्ख्या | योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| ०६/२०८१/८२ | अङ्ग्रेजी | मावि | शिक्षण सिकाइ अनुदान | ०१ | स्नातक वा सो सरह | |
| ०७/२०८१/८२ | विज्ञान | मावि | शिक्षण सिकाइ अनुदान | ०१ | स्नातक वा सो सरह | |
| ०८/२०८१/८२ | गणित | निमावि | शिक्षण सिकाइ अनुदान | ०१ | +२ वा सो सरह | |

- आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि र दुई प्रति हालै खिचिएको फोटो
- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
- दरखास्त फाराम पाउने र बुझाउने स्थानः श्री दिव्य कन्या माविमा आफैं उपस्थित भई निवेदन दिनुपर्छ ।
- छनोटको किसिमः लिखित र मौखिक
- स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य
- दरखास्त दस्तुरः माविको हकमा रु २०००/– र निमाविको हकमा रु १५००/– (फिर्ता नहुने)
- सेवा तथा सुविधाहरूः शिक्षण सिकाइ कार्यविधि २०७७ अनुसार
- करार अवधिः सम्झौताबमोजिम हुनेछ ।
- दरखास्त दिने अन्तिम मितिः २०८१/०९/१६ गते ४ बजेसम्म
- सम्पर्क मिति/नम्बरः २०८१/०९/१७ गते दिनको २:०० बजे, ९८११२८४५१०, ९८५५०११३२५

# सिम्रौनगढमा हरिया तरकारी सस्तिए

रामेश्वर मेहता, सिम्रौनगढ, ८ पुस/

हरिया तरकारीको लागि चर्चित अहिले रु ५० मा बिक्री भइरहेको छ। गोलभेंडा पहिलेको तुलनामा प्रतिकिलो प्रतिकिलो रु १०० मा झरेको छ। पालक, मेथी, चमसुर, रायो साग प्रतिपुला रु


तस्वीरः प्रतीक

बाराको सिम्रौनगढ, पचरौता नगरपालिकालगायत क्षेत्रमा अहिले हरिया तरकारीहरू सस्ता हुँदैछन्।

पर्सा, बारा, रौतहट, मकवानपुर, काठमाडौंसम्म निर्यात हुने यहाँका हरिया तरकारीहरूको मूल्य असोज ११ र १२ गतेको बाढीपछि बढेको थियो। त्यसपछि गढीमाई मेलामा हरिया तरकारीको मूल्य झनै आकाशियो। मङ्सिर २४ गते बलिदान सकिएसँगै अहिले हरिया तरकारीको मूल्य घट्न शुरू भएको छ।

गढीमाई मेलामा रु १५० किलोसम्म पुगेको काउली अहिले रु ५० प्रतिकिलोमा झरेको छ। बन्दाकोभी भने रु १० महँगो भएको छ। रु ४० मा पाउने बन्दाकोभी रु ५० घटेको छ। बाढी र मेलाको समयमा रु १३० प्रतिकिलोसम्म पुगेको गोलभेंडा अहिले रु ८० प्रतिकिलोमा बिक्री भइरहेको छ। हरियो केराउको मूल्य पनि घटेको छ। रु २४० पुगेको हरियो केराउ अहिले रु १३० मा झरेको छ। रु ८० पर्ने लौका अहिले रु ६० मा झरेको छ भने आलुको मूल्य यथावत् छ। रु ६० प्रतिकिलोमा आलु बिक्री भइरहेको छ। करैलाको मूल्यमा वृद्धि भएको छ। रु १०० प्रतिकिलोमा पाइने करैला अहिले रु १३० पुगेको छ। मूला रु ४० बाट झरेर रु १५ भएको छ।

हरियो सागको मूल्य पनि घट्दो छ। बथुवाको साग रु ४०० बाट अहिले १० मा बिक्री भइरहेको छ।


## कृषि उत्पादन बढाऔं

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गारिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपक्षीपालनसम्बन्धी तालीम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपक्षीहरूमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरूसँग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords Plaza
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


### गापाले ...

पालिकाको शिक्षा शाखा प्रमुख शैलेन्द्र पञ्जियारले पालिकाले वार्षिक परीक्षामा मात्र विद्यालयहरूलाई रकम सहयोग गर्न सक्ने बताए। उनले त्रैमासिक, अर्धवार्षिक परीक्षा विद्यालयहरू आफैंले सञ्चालन गर्नुपर्ने बताएका छन्। पटेर्वासुगौलीमा २४ वटा सामुदायिक विद्यालय छन् र भर्खर सम्पन्न अर्धवार्षिक परीक्षामा सबैले कक्षा अनुसार बालबालिका कक्षा एकसम्म रु १० र त्यसपछि क्रमशः कक्षा अनुसार १०/१० वृद्धि गरेर रु १०० सम्म परीक्षा शुल्क लिएका थिए। एकजना अभिभावकले अहिलेसम्म पालिकाले रकम नदिएको र विद्यालयले परीक्षा शुल्कबापत लिएको रकम फिर्ता नगरेको दुःखेसो पोखे।

गापा अध्यक्षले नै परीक्षा शुल्क रकम उपलब्ध गराउने आश्वासन दिएको र त्यसपछि अर्धवार्षिक परीक्षा शुरू भएकोमा अहिले परीक्षा सम्पन्न भइसक्दा पनि शुल्क फिर्ता नगरेकोमा उनले आपत्ति जनाए। यस अघि त्रैमासिक परीक्षा पनि विद्यालयले अभिभावकसँग शुल्क लिएर गरेको थियो।

### पत्रकारिताको धर्म ...

उठाउने विश्वास व्यक्त गरे। पछिल्लो समय पत्रकारको समाचारसँगको पहुँच सङ्कुचन भइरहेको र त्यसमा सरकार, राजनीतिक दलले सूचना प्रणालीलाई चुस्त र दुरुस्त बनाउनुपर्ने अपरिहार्यता भएको उनले उल्लेख गरे।

महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेलले महासङ्घलाई सशक्त बनाउन र लेख्ने पत्रकारको संस्थाका रूपमा विकास गर्न प्रतिष्ठान प्रदेश समितिको महत्त्वपूर्ण भूमिका हुने बताए। उनले श्रमजीवी पत्रकारका धेरै मुद्दा थाती रहेकाले तिनको पैरवी गर्न नयाँ नेतृत्वले सफल हुनुपर्छ भने।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले निर्वाचनपछि महासङ्घ साझा चरित्रको भएको भन्दै थाती रहेका पत्रकारको सदस्यता शुद्धीकरण र पत्रकारितामा देखिएका अविश्वास कम गर्न महासङ्घले पैरवी गर्नुपर्ने उल्लेख गरे।

पत्रकार एवं लेखक मोहन मैनालीले पत्रकारिताको व्यावसायिक धर्म र आचरणलाई जोगाएर पत्रकारिताप्रति नागरिक र सरोकारवालाको भरोसा कायम राख्न पत्रकार क्रियाशील हुनुपर्ने बताए।

प्रतिष्ठान प्रदेश समितिका निवर्तमान अध्यक्ष बालकृष्ण अधिकारीले साढे तीन वर्षको कार्यकालमा पेशागत दक्षता र सङ्गठनलाई चुस्त बनाउनाका साथै पत्रकारलाई क्रियाशील बनाउन थोरै भएपनि प्रतिष्ठानले दायित्व निर्वाह गरेको बताए।

सो अवसरमा महासङ्घका नवनिर्वाचित केन्द्रीय अध्यक्ष निर्मला शर्मालाई प्रतिष्ठानका तर्फबाट प्रथम राष्ट्रपति डा यादवले सम्मानपत्र प्रदान गरे। साथै प्रतिष्ठानका निर्वाचित कार्यसमित र मतदान अधिकृतलाई प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो।

# खेलकूदको संसार

## अन्तरविद्यालय फूटबलः मालिनी एकेडेमी विजयी

प्रस, वीरगंज, ८ पुस/

शङ्करलाल केडिया मेमोरियल अन्तरविद्यालय फूटबल प्रतियोगिताको सोमवार दोस्रो दिन भएको खेलमा मालिनी एकेडेमीले नेपाल काभेरी एकेडेमीलाई एकका विरुद्ध तीन गोलले पराजित गरेको छ।

यस खेलको 'म्यान अफ दी म्याच' मालिनी एकेडेमीका सुदीपसाद राउत थारू घोषित भएका थिए।


तस्वीरः सौजन्य

डिएभी रुक्मिणी बनारसी केडिया स्कूलले आयोजना गरेको प्रतियोगितामा वीरगंजका १२ वटा विद्यालय सहभागी भएको आयोजकले जनाएको छ।

## बुढासुब्बा गोल्डकपको २५औं संस्करण माघमा

धरान (सुनसरी), ८ पुस/रासस

अन्तर्राष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फूटबल प्रतियोगिताको २५औं संस्करण आगामी माघमा हुने भएको छ। सोमवार आयोजित पत्रकार सम्मेलनमा आगामी माघ १९ देखि २६ गतेसम्म प्रतियागिता आयोजना हुने धरान फूटबल क्लबका अध्यक्ष प्रताप तामाङले जानकारी दिए।



तस्वीरः रासस

धरान उपमहानगरपालिका-१६ रङ्गशालामा हुने प्रतियोगितामा १० वटा क्लबको सहभागी रहनेछ। प्रतियोगितामा एनआरटी क्लब काठमाडौं, लिग च्याम्पियन चर्च ब्वाइज क्लब, नेपाल पुलिस क्लब, भुटान फूटबल एकेडेमी, त्रिभुवन आर्मी क्लब, इटहरी जागृति क्लब, युके एफसी भारत, मच्छिन्द्र क्लब काठमाडौं, काँकडभिट्टा फूटबल ट्रेनिङ सेन्टर झापा र धरान फूटबल क्लब रहने जनाइएको छ।

प्रतियोगिताको विजेताले ट्रफीसहित रु १० लाख र उपविजेताले नगद रु पाँच लाख पुरस्कार पाउनेछन्। उत्कृष्ट खेलाडीले नगद रु एक लाख र प्रत्येक खेलको 'प्लेयर अप दी म्याच' हुनेले रु १५ हजार, सर्वाधिक गोलकर्ताले रु ३५ हजार, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षकले जनही रु २५ हजार पुरस्कार पाउने अध्यक्षले बताए।

प्रतियोगितामा रु ८० लाख १० हजार खर्च हुने अनुमान गरिएको छ भने रु एक करोड दुई लाख २५ हजार आम्दानी हुने लक्ष्य राखिएको क्लबका महासचिव नवीन राईले बताए। प्रतियोगितामा उपविजेताले पाउने रु पाँच लाख धरान उपमहानगरपालिका-१५ निवासी हाल पोर्चुगलमा रहेको अरुण राईले प्रदान गर्ने अध्यक्ष तामाङले बताए।

प्रतियोगिताको गत वर्षको संस्करणमा एनआरटी क्लब काठमाडौं विजेता र जिल्ला फूटबल सङ्घ मोरङ उपविजेता भएका थिए।

## झापा कपको उपाधि चर्च ब्वाइजलाई

झापा, ८ पुस/रासस

झापा कपको उपाधि सोमवार चर्च ब्वाइज युनाइटेड क्लबले जितेको छ। उपाधि जितेसँगै चर्च ब्वाइजले नगद रु १० लाख पुरस्कार प्राप्त गरेको छ। उपविजेता एनआरटी क्लबले पाँच लाख प्राप्त गरेको छ। झापा-११ द्वारा बिर्तामोडस्थित डोमालाल रङ्गशालामा आज भएको फाइनल खेलमा चर्च ब्वाइजले एनआरटीलाई ३-१ गोलअन्तरले पराजित गरेको हो। गत वर्ष झापा गोल्डकपको छैटौं संस्करण पनि चर्च ब्वाइजले नै जितेको थियो।

खेलको २१औं मिनेटमा चर्च ब्वाइजका समीर तामाङले एनआरटीका डिफेन्डरको मिसपासलाई सदुपयोग गर्दै पहिलो गोल गर्न सफल भएका थिए। खेलको ४३औं मिनेटमा चर्च ब्वाइजले अग्रतालाई दोब्बर बनायो। रोहन कार्कीले डिबक्समा मिलाइदिएको पासलाई विदेशी खेलाडी अर्मान्डले गोल गरेका थिए।

त्यसको लगत्तै एनआरटीले एक गोल फर्कायो। विदेशी खेलाडी कार्लोसले दिएको क्रस पासमा कप्तानसमेत रहेका




अञ्जन विष्टले गोल गर्दै नतीजा १-२ बनाएका थिए।

खेलको अतिरिक्त समयमा समीर तामाङको पासमा अर्मान्डिले अर्को गोल गर्दै चर्च ब्वाइजको जीत सुनिश्चित गरेको थियो। खेलको 'प्लेयर अफ दी म्याच' विजेता टीम चर्च ब्वाइजका समीर तामाङ भएका छन्। उनले नगद रु १० हजार पुरस्कार प्राप्त गरे।

प्रतियोगिताको उत्कृष्ट गोलरक्षक चर्च ब्वाइजका क्रिशल मोक्तान, प्रतियोगितामा सर्वाधिक गोलकर्ता एनआरटीका अञ्जन विष्ट, झापा टयालेन्टका रूपमा छनोट भएका झापा-११ का प्रदीप बुढाथोकीले जनही रु ३५ हजार नगद प्राप्त गरेका छन्। 'मस्ट भ्यालुएबल प्लेयर' चर्च ब्वाइजका रोहन कार्की भए। उनले नगद रु एक लाख प्राप्त गरे।

यसैबीच, झापा-११ एफसीका व्यवस्थापक गोपाल राईलाई क्लबले नगद रु २५ हजारसहित लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरेको थियो।

विजेता तथा उपविजेतालाई प्रमुख अतिथि संविधानसभा सदस्य सुधीरकुमार शिवाकोटी, गोर्खा टी स्टेटका सञ्चालक उदय चापागाईं, आयोजक झापा-११ एफसीका अध्यक्ष जलकुमार गुरुङ, नेपाल उद्योग वाणिज्य महासङ्घ कोशीका पूर्वअध्यक्ष टीकाराज ढकाल, अर्जुनधारा नगरप्रमुख बलदेव गोम्देन, बिर्तामोडका उपप्रमुख नगेन्द्रप्रसाद सङ्ग्रौला, झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलालगायतले पुरस्कार वितरण गरेका थिए।